## एकीकृत हुँदै दलहरू

काठमाडौं । ठूला पार्टीलाई भविष्यमा चुनौती दिने उद्देश्यका साथ साझा पार्टी र विवेकशील नेपाली दल एकीकृत भएर विवेकशील साझा पार्टी बनेको छ । वैकल्पिक शक्तिको रुपमा उदय हुने अभिष्टता पालेको नयाँ शक्ति दलभित्र माओवादी केन्द्रसँग एकताका लागि आवाज उठ्न थालेको छ । उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरमसँग एकता गर्ने बाबुरामको तयारी अलपत्र परेको छ । यादवले उपेक्षा गरेको भन्दै नयाँ शक्तिका कारिन्दाहरु **बाँकी ८ पेजमा**

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

वर्ष ६ अंक १६, २०७४ साल साउन १३ गते शुक्रबार, नेपाल संवत् ११३७ (July 28, 2017) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## पर्यटन उद्योगमा सुधारका संकेत

काठमाडौं । विदेशी मुद्राको भरपर्दो स्रोतका रुपमा पर्यटन क्षेत्रलाई पनि लिने गरिन्छ । नेपालको पर्यटन उद्योग द्वन्द्वकालबाट नै सिथिल बन्न थालेको थियो भने भारतीय नाकाबन्दी र भूकम्पले निकै ठूलो असर पु¥यायो । आर्थिक वर्ष २०७३।७४ मा भने पर्यटन उद्योगमा सुधार देखिएको छ। अध्यागमन विभागका अनुसार ८ लाख ४५ हजार १४७ पर्यटकले नेपाल भ्रमण गरेका थिए । पर्यटन आगमनको यो तथ्यांकले व्यवसायीहरुमा केही उत्साह थपेको छ । नेपाल भ्रमणमा आउने पर्यटकको ठूलो संख्या भारतीय पर्यटकको रहेको छ । दोस्रो स्थान चिनियाँ **बाँकी ८ पेजमा**

# गोर्खाल्यान्ड आन्दोलन रमिता हेर्दै मोदी

काठमाडौं । भाषा विवादबाट जुर्मुराएको दार्जिलिङ नेपाली भाषी भारतीयहरुको अस्तित्व र पहिचानका लागि अलग गोर्खाल्यान्ड राज्यको माग गर्दै आन्दोलित छ । नेपाली भाषी भारतीयहरुको आन्दोलनमाथि पश्चिम बंगाल सरकारले निर्मम दमन गरिरहेको छ। राज्य सरकारले इन्टरनेट सेवा बन्द मात्र गरेको छैन नेपाली भाषामा समाचार प्रसारण गर्ने त्यहाँका टेलिभिजन च्यानलहरुको प्रसारणमा समेत रोक लगाएको छ । टेलिभिजन च्यानलका कार्यालयहरुमा छापा मारेर मात्र नपुगी तालाबन्दी नै गरिदिएको छ । राज्य सरकारले नेपालीभाषीहरुको घनीभूत बसोबास रहेको पहाडकी रानी दार्जिलिङलाई नाकाबन्दी गरेर त्यहाँको जनजीवनलाई तहसनहस बनाइरहेको छ । दार्जिलिङसँगै नेपाली भाषीहरुको बाहुल्यता रहेको अर्को पहाडी राज्य सिक्किममाथि पनि पश्चिमबंगाल सरकारले नाकाबन्दी गरेर इन्धन, खाद्यान्न लगायतका दैनिक उपभोग्य वस्तुहरु सिलिगुडीमै रोकेर सिक्किमेली जनतालाई समेत आक्रोशित बनाएको छ । सिक्किमका मुख्यमन्त्री पवन चाम्लिङले नाकाबन्दीको कडा शब्दमा भर्त्सना गर्दै गोर्खाल्यान्डको माग संवैधानिक भएको बताएका छन् । यता गोर्खाल्यान्ड आन्दोलनका अगुवा एवं गोर्खा जनमुक्ति मोर्चाका प्रमुख विमल गुरुङले मुख्यमन्त्री ममता बनर्जीको बर्बरदमनले गोर्खाल्यान्डको आन्दोलन निस्तेज नहुने चेतावनी दिएका छन् । भुटिया, लेप्चा, राई, गुरुङ, मगर जातिहरु बीचमा फुट ल्याएर आन्दोलनलाई तुहाउने तृणमूल कांग्रेस र मुख्यमन्त्री ममता बेनर्जीको रणनीति नाकाम हुने संकेत देखिन थालेको छ ।

दार्जिलिङमा चलिरहेको नेपाली जाति र भाषीहरुको आन्दोलनलाई पश्चिम बंगालकी मुख्यमन्त्री ममता बेनर्जीले आंतककारीहरुसँगको साँठगाँठको चश्माले मात्र हेरेकी छैनन् नेपाली माओवादीहरुसँग समेत जोडेर आफ्नो दमनको औचित्य पुष्टि गर्न खोजिरहेकी छन् । नेपाल कम्युनिस्ट पार्टी (नेत्रविक्रम चन्द) ले गोर्खाल्यान्ड आन्दोलनको समर्थन गर्दै प्रेस विज्ञप्ति सार्वजनिक गरेपछि भारतीय सञ्चारमाध्यमहरुले समेत माओवादीसँगको सहकार्यमा आन्दोलन चलिरहेको गलत समाचार सम्प्रेषण गरिरहेका छन्। नेपालका ठूला राजनीतिक दलहरुले गोर्खाल्यान्ड आन्दोलनको विषयमा आफ्ना धारणाहरु बाहिर ल्याएका छैनन् । भारत रिसाउने र सत्तामा पुग्न नसकिने भयले कांग्रेस, एमाले माओवादी केन्द्र दार्जिलिङप्रति बेखबरझैं बसेकामा कुनै सन्देह छैन । मधेस केन्द्रित दलहरु त भारतीय दुतावासको निर्देशनमा चल्ने भएकाले तिनले गोर्खाल्यान्डबारे धारणा बनाउने कुरै आएन । बरु दार्जिलिङलाई मधेससँग जोडेर आन्दोलन चर्काउन सहज हुने उनीहरुले ठानेका हुन सक्छन् । दार्जिलिङ आन्दोलन चर्किरहँदा मातृका यादव, महेन्द्रराय यादव, रिजवान अन्सारी लगाायतले एक मधेस एक प्रदेशको मुद्दालाई पुनः ब्युँताउने तयारी गरिरहेका छन् । दार्जिलिङ टुक्रिएको




नेपालको भूभाग हो, त्यहाँका नेपालीहरु त्यही टुक्रिएको भूभागका बासिन्दा हुन् । तर मधेस इतिहासमा कहिल्यै कसैको स्वामित्वमा थिएन न त मधेस भनेरै चिनिन्थ्यो । सुगौली सन्धिमा हस्ताक्षर गरेर राष्ट्रघात गर्ने चन्द्रशेखर उपाध्याय र गजराज मिश्र बेतिया गएर बसेपछि तराई अन्नको भण्डार हो यो क्षेत्र हामीलाई दिइयोस् भनेर अंग्रेजहरुसँग माग गरेका थिए । त्यसबेला तराईमा जमिनदारी प्रथा थियो । त्यसबेलाका जमिन्दारहरुले तराईलाई अंग्रेजहरुको स्वामित्वमा सुम्पने विषयमा तीव्र विरोध गर्दै तराईलाई जोगाएका थिए । अंग्रेजविरुद्धको आन्दोलनमा पृथ्वीनारायण बाहलाई तराईबासीले साथ दिएर मातृभूमिप्रति अगाध श्रद्धा व्यक्त गरेका थिए । तर अहिले आप्रबासी भारतीयहरु मधेस राज्यको वकालत गर्दै तराईलाई विखण्डन गराउने साजिस गरिरहेका छन् । यसका पछाडि भारतीय खुफिया एजेन्सी रअ रहेको छ । तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीले सिक्किमलाई भारतको २२ औं प्रान्त बनाएपछि नेपालको तराई भूभागलाई पनि भारतमा गाभ्न रअका संस्थापक प्रमुख काओलाई निर्देशन दिएको यहाँ स्मरणीय छ ।

सर्वविदित छ १७८९ देखि सन् १८१५ सम्म दार्जिलिङ नेपालको प्रत्यक्ष शासनअन्तर्गत रहेको थियो । सन् १८१६ को सुगौली सन्धिले नेपालको नक्सा नै परिवर्तन ग¥यो । पूर्वमा मेचीपारि टिस्टा र पश्चिममा महाकालीपारि काँगडासम्मको भूभाग नेपालले गुमायो । गोर्खाली सेनाले अधिनस्थ गर्नुअघि दार्जिलिङ सिक्किमको भूभाग थियो । सन् १८२८ मा नेपाल सिक्किमबीच सीमा विवाद सुल्झाउन ब्रिटिश अधिकारीहरु क्याप्टेन सिएलोयड जे डब्लु ग्रान्ड दार्जिलिङ पुगे। मनमोहक हरियाली पहाड दार्जिलिङलाई लिन ब्रिटिस सरकार लालयित भयो । सन् १८३५ मा उपहारका रुपमा दार्जिलिङलाई सिक्किमले ब्रिटिस सरकारलाई दियो । दार्जिलिङको भूराजनीतिक अवस्था स्थिर भएन । पहिले बंगालको राजशाही डिभिजन अन्तर्गत दार्जिलिङलाई राखियो । सन् १९०५ मा भागलपुर विहार अन्तर्गत सारियो । सन् १९१२ मा बंगाल राजशाहीमै सारियो । सन् १९४७ मा दार्जिलिङले अलग जिल्लाको हैसियत पायो । सन् १९४६ मा भारत विभाजनको टुंगो लगाउन सर स्ट्याटफोर्ड क्रिप्सको अध्यक्षतामा गठित आयोगले दार्जिलिङलाई पृथक राष्ट्र बनाउन या नेपालमा विलय गराउन सकिने बतायो । तर दार्जिलिङमा उदाएको राजनीतिक दल गोर्खा लिगले अलग राष्ट्र बनाउनेतिर सोच्न सकेन । १९४७ मा भारत स्वतन्त्र हुँदा पहिले दार्जिलिङ पूर्वी पाकिस्तानको भूभाग बन्यो । १४ अगस्तमा त्यहाँ पाकिस्तानी **बाँकी ८ पेजमा**

## आश्रमलाई फिल्टर

जर्मनीको कास्सेल विश्वविद्यालयले आविष्कार गरेको पाउल नामक शुद्ध खानेपानी फिल्टर रोटरी क्लब डिल्लीबजारको संयोजन तथा One World Association को वित्तीय सहयोगमा नेपाल ल्याई वितरण गर्ने कार्यको शुभारम्भ भएको छ । पहिलो पटक ४६ वटा फिल्टरहरु नेपाल आइपुगेका छन् र शुद्ध पिउने पानी नभएका सामुदायिक विद्यालय, अस्पताल, अनाथालय तथा गरिब समुदाय भएका ठाउँहरुमा उक्त फिल्टर वितरण गरिने छ । यसै क्रममा गत बिहीबार साउन ५ गते गुह्येस्वरीमा रहेको प्रणवानन्द आश्रमलाई एक थान फिल्टर उपलब्ध गराइयो । दिनभरिमा १२ सय लिटरसम्म पानी शुद्ध बनाउने यस फिल्टरलाई विद्युतको आवश्यकता पर्दैन । उक्त फिल्टर



कास्सेल विश्वविद्यालयकी प्राध्यापक डा. विआट्रिच क्नेर, रोटरी क्लब डिल्लीबजारका अध्यक्ष रामकुमार खत्री, नेपाल जर्मन एकेडेमिक एसोसियनका पूर्वअध्यक्ष डा. रोशाना श्रेष्ठ तथा रोटरियन प्रेम ओली तथा जय चुडालको उपस्थितिमा रोटरी क्लब डिल्लीबजारका **बाँकी ८ पेजमा**

## बाई बाई डिजेल पेट्रोल गाडी

■ **नेत्र राजवंशी**

नेपालमा इन्धन उत्पादन हुँदैन न त मोटरगाडीहरु नै बन्छन् । मुस्ताङ म्याक्स जस्ता गाडीहरु पनि बाहिरबाट पाटपुर्जा मगाएर नेपालमा जडान गरी बनाइने गरिन्छ । इन्धन र मोटरपार्टपुर्जामा बर्सेनि अरबौं रकम बाहिरिइरहेको छ । व्यापार तथा निकासी प्रबर्द्धन केन्द्रको तथ्यांकअनुसार पहलो ११ महिनाको १ खर्ब २२ अर्ब २ करोड रुपैयाँको इन्धन आयात भएको छ । यो अवधिमा २० लाख ३ हजार किलोलिटर इन्धन आयात भएको छ ।

उपत्यकामा लोडसेडिङको अन्त्य भए पनि इन्धनको आयात भने बढेको बढ्यै छ । गत चैत महिनामा मात्र २ लाख २५ हजार किलोलिटर इन्धन आयात भएको छ। सवारी साधनको आयात बर्सेनि बढ्दैछ र इन्धन आयातमा पनि वृद्धि भइरहेको छ। नेपालमा करिब २४ लाख सवारी साधन रहेको यातायात व्यवस्था विभागको तथ्यांक छ। बर्सेनि १ लाखका दरले नयाँ सवारी साधन थपिइरहेका छन् । सवारी साधनमा नेपालको पैसा यसरी बाहिरिइरेको छ एकातिर भने अर्कोतर्फ ११ महिनाकै अवधिमा मुलुकको व्यापारघाटा सवा ८ खर्ब रुपैयाँ पुगेको छ । सुरुका महिनादेखि नै आयात उच्च दरले बढेपछि यो वर्ष वार्षिक व्यापारघाटा ८ खर्ब नाघ्ने आंकलन गरिएको थियो । तर ११ महिनामै व्यापारघाटा ८ खर्ब २७ अर्ब ९५ करोड रुपैयाँ पुगेको छ। यस आधारमा व्यापारघाटा वार्षिक ९ खर्ब रुपैयाँ पुग्ने देखिन्छ ।

यातायातका साधनमा समेत नेपाल भारतको एकलौटी बजार बनेको छ। भारतले उत्पादन गरेका सवारी साधनहरु मेक्सिकोपछि नेपालमै बढी बिक्री गर्छ । नेपालको अर्थतन्त्र रेमिट्यान्सले धानिरहेको छ । देश गरिब छ तर यही गरिब देशमा सवारी साधनको आयात बढिरहेको छ। बढ्दो सवारी साधनको चापले ट्राफिक जामको समस्याबाट हाम्रो महत्वपूर्ण समय त्यसै खेर गइरहेको छ । सवारी साधनाबट उत्सर्जन हुने फोहोर धूवाँले वायु प्रदूषणलाई डरलाग्दो बनाइरहेको छ । उपत्यकाको हावा सास फेर्न अनुपयुक्त बन्दै गएको छ । सवारी साधनहरु जुन पेट्रोल र डिजेलबाट चल्छन् तिनको विकल्पका रुपमा साइकल चढ्ने गर्ने हो भने हाम्रो आयु मात्र बढ्दैन इन्धन र सवारी साधन खरिदमा विदेशिने खर्बौं रुपैयाँको बचत हुन्छ र त्यो रुपैयाँले ठूला परियोजनाहरु सञ्चालन गर्न सकिन्छ ।

देशबाट बाहिरिने ठूलो पैमानाको रकम ऊर्जा क्षेत्रमा लगानी गर्ने हो भने देशकै कायापलट हुन्छ । कुनै बेला गरिबीको उदाहरण बनेको इथोपिया ऊर्जाकै कारण विकासशील देशको सूचीमा सूचीकृत भएको छ। जातीय **बाँकी ८ पेजमा**

## २ हजारको भारु नोट प्रतिबन्धित ?

काठमाडौं । मोदी सरकारले भारतीय १००० र ५०० का नोटमा प्रतिबन्ध लगाएपछि त्यसको भारतभित्रै तीव्र विवाद भएको थियो । त्यसको प्रत्यक्ष असर नेपालमा पनि प¥यो । अहिलेसम्म नेपालमा रहेका प्रतिबन्धित हजार र पाँच सयका नोट ठूलो संख्यामा अलपत्र अवस्थामा छ । भुटानसँग भएका हजार र पाँच सयका सम्पूर्ण नोट साटिए तर नेपाललाई भारतले यस्तो सुविधा दिएन ।

अहिले फेरि मोदी सरकारले दुई हजार भारु नोटमाथि प्रतिबन्ध लगाउने तयारी गरिरहेको भन्दै माथिल्लो सदन राज्यसभामा कुरा उठाइएको छ । वित्तमन्त्री अरुण जेटलीसँग राज्यसभाका नरेश अग्रवाल, गुलामनाजी अजद लगायतका सांसदहरुले प्रश्न गरेका छन् तर जेट्लीले सांसदहरुको प्रश्नको कुनै जवाफ दिएका छैनन् ।

पछिल्लो समयमा भारतीय बजारमा २ हजारका नोटको **बाँकी ८ पेजमा**

## नेगासको कार्यशाला सम्पन्न



जर्मनीमा स्नातकोत्तर तथा विद्यावारिधि गरेर फर्केका नेपाली विद्यार्थीहरुको संगठन नेपाल जर्मन एकेडेमिक एसोसियसन (नेगास) ले जर्मन एकेडेमिक एक्सचेञ्ज सर्भिस (डाड) को सहयोगमा तीनदिने कार्यशाला यसै साउन महिनाको ६ गते सुरु गरी ८ गते सम्पन्न ग¥यो । Migration and Environmental Changes in Nepal विषयक उक्त कार्यशाला गोष्ठीको उद्घाटन नेपाल सरकार जनसंख्या वातावरण मन्त्रालयका सचिव डा. विश्वनाथ ओली तथा नेपालस्थित जर्मन राजदुतावासका कार्यवाहक राजदुत श्री ज्याक्वेलिन ग्रोथले संयुक्त रुपमा गर्नु भएको थियो । कार्यशालाका मुख्य स्रोत ब्यक्ति जर्मनीको कास्सेल विश्वविद्यालयको प्राध्यापक डा. विआट्रिच क्नेर हुनुहन्थ्यो र उद्घाटन सत्रमा उहाँले कार्यशालाको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । आफ्नो उद्घाटन मन्तब्य दिने क्रममा प्रमुख अतिथि डा. ओली र विशेष अतिथि श्री ग्रोथले वातावरणमा आएको परिवर्तनको कारण नेपालमा आमरुपमा बसाइँसराइ प्रभावित भएको नेपालले तत्सम्बन्धमा भएका महासन्धिअनुरुप कार्य गर्न प्रभावपूर्ण वातावरण तथा बसाइँसराइ नीति **बाँकी ८ पेजमा**

**समय-सन्दर्भ** |

## भारतले भिटो पावर पायो भने अनर्थ हुन्छ

**शिवप्रसाद दहाल**



*नकस्चिदपि जानाति किंकस्यस्व भविष्यति*

हो, भोलि कसको के हुन्छ कसैलाई थाहा हुँदैन। २१ सौं शताब्दीको विश्वमा अकल्पित अनपेक्षित अकथनीय विविध नयाँ नयाँ आयाम आविष्कार उपलब्धि यस विश्वलाई वैज्ञानिकहरुले प्रदान गरिरहेछन् । परन्तु उन्नतिका साथसाथ अवनति पनि सँगसँगै हुँदोरहेछ जसरी दिन र रात सँगसँगै जोडिएर रहेका छन् । जस्तै अंग्रेजी जुन महिनाको २१ तरिख वर्षको सबभन्दा लामो दिन हो, त्यसैसँग जोडिएको त्यही रात सबभन्दा छोटो रात हो र डिसेम्बर २१ तरिखको दिन सबभन्दा छोटो दिन र त्यही दिनसँग जोडिएको रात चाहिँ सबभन्दा लामो रात । यसै प्रकार मार्च महिनाको २१ तरिख र सेप्टेम्बरको २२ तारिखका दिन र रात ३० ।३० घडी वा बराबर घन्टाका ।

भन्न खोजेको के हो भने वैज्ञानिकहरुले रचनात्मक वस्तुहरुको मात्र उत्पादन गरेनन्, विश्व नै संहार हुने पारमाणविक दिव्यास्त्र, प्रक्षेपास्त्र, एटम बम, हाइड्रोजन बम, पोटेसियम साइनाइड कति हो कति विश्व विध्वंशक मिसाइल रकेट नभ जलस्थल सर्वत्र जहाँबाट पनि जही तहीँ प्रहार गर्ने र क्षणभरमै चट्याङकै समयमा संहार गर्ने दिव्यास्त्र निर्माण गरे । ९०,७२,३४० व.कि.मि.क्षेत्र भएको आतंककारी देश उत्तरकोरियाले भयभित पारेको छ । विडम्बना । यी निर्दोष उत्तरकारियन जनतालाई त्यही अमेरिका, जापान र दक्षिण कोरियाले खाद्यान्न आपूर्ति गर्ने गरेको छ भने कृतज्ञता व्यक्त गर्नुको साटो त्यो कृतघ्न उत्तरकोरियाले पूर्वोक्त तीनवटा देशका मित्र देशहरु समेतलाई संहार गर्छु भन्दै आएको छ ।

विश्वको रक्षाका लागि अमेरिकाले त्यही आतंककारीसँग सन् १९५० सम्म एक देश हुँदै आएको ९९,२६३ व.कि.मि.क्षेत्र भएको दक्षिण कोरियामा रक्षार्थकवच रुपी थाड (टर्मिनल हाइ अल्टिच्युड एक्सन डिफेन्स सिस्टम) यी त्रिशक्ति देशले स्थापना गरेपछि त्यस विध्वंशकारी उत्तरकोरयाका समर्थक रुस, चीन, इरान र सिरियामध्येको प्रमुख सुलसुले बोकाहा चीनले थाड स्थापनाको विरोध ग¥यो र विश्वजनमतसँग साखुल्ले पनि भइटोपल्छ ।

अहिले नेपाललाई चारैतिर भूपरिवेस्टन गर्ने दुई विस्तारवादी हाम्रा अभिन्न मित्र भारत र चीनको नेपाल जस्तै भूपरिवेष्टित र भारतबाट आक्रान्त भुटानको दोक्लम क्षेत्र जहाँ चीनको सीमा पर्छ, **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

सम्पादकीय

# स्थानीय तहमा कर्मचारी समस्या

संविधान कार्यान्वयनको महत्वपूर्ण कडीका रूपमा रहेको स्थानीय तहको निर्वाचन ६ वटा प्रदेशमा सम्पन्न भइसकेको छ । लामो प्रतिक्षाको घडीपछि स्थानीय तहले निर्वाचित जनप्रतिनिधि प्राप्त गरेका छन् । सिंहदरबारको अधिकार आफ्नै गाउँघरमा भन्ने नाराले निर्वाचनमा जनताको उत्साहजनक सहभागिता भयो । अहिले स्थानीय तहलाई सक्रिय बनाउन अथवा पूर्णता दिन कर्मचारी खटाउने गृहकार्यमा मन्त्रालयहरू लगिरहेका छन् । जति सक्दो चाँडो स्थानीय तहमा खटिने कर्मचारीको टुंगो लगाउन जरूरी भइसकेको छ ।

माओवादी जनयुद्धले निम्त्याएको द्वन्द्वको अवस्थामा गाविस सचिवहरू गाउँबाट सदरमुकाममा विस्थापित भएका थिए । शान्ति कायम भएपछि पनि उनीहरू गाउँ फिरेनन् । सदरमुकाममा नै अड्डा जमाएर बसे । एउटै सचिवले पाँचवटासम्म गाविसको जिम्मा लिंदा विकास निर्माण पूरै प्रभावित बन्यो भने गाविसका जिल्ला सदरमुकाममा रहेका कार्यालयहरू भ्रष्टाचारका ठूला अखडा बने । एउटा सामान्य सिफारिस बनाउन पनि जनताले समय र पैसाको बर्बादी गर्दै सदरमुकाम धाउनु पर्थ्यो । यस्तो अवस्थामा गाविस मात्र होइन, सिंहदरबार नै गाउँमा फर्किने नाराले जनताको जोश बढ्ने नै भयो । अहिले कर्मचारी परिचालनमा देखिएको गम्भीर ढिलासुस्तीले जनताको जोसमा पानी खन्याउने काम गरिरहेको छ ।

विभिन्न सञ्चारमाध्यमहरूमा कर्मचारी गाउँ जान मानेनन् भन्ने शीर्षकका समाचार सार्वजनिक भइरहेका छन् । त्यसैगरी मर्यादाक्रममा आँच पुगेकाले कर्मचारी फिर्ता आएका समाचार पनि देखिन्छन् । निर्वाचन हुनुअगावै खटिनुपर्ने कर्मचारी अहिलेसम्म नजानु र पुरानै शैलीमा स्थानीय तह सञ्चालन गर्न खोज्नु अत्यन्तै आपत्तिजनक विषय बन्न पुगेको छ । सिंहदरबारको सेवासुविधा पहिलाकै गाविस सचिवबाट कदापि प्रदान हुन सक्दैन । संविधान र ऐन कानुनले व्यवस्था गरेबमोजिमको स्थानीय तहहरू सञ्चालन गर्न आवश्यक सबै निकायका कर्मचारी पूर्णरूपमा परिचालित हुनुपर्छ ।

निजामती प्रशासन राज्यको सबैभन्दा महत्वपूर्ण र जिम्मेवार निकाय हो । स्थायी सरकारका रूपमा रहेको कर्मचारीतन्त्रले आफ्नो सुविधाको मात्रै बार्गेनिङ गर्ने तर जनताको सेवा गर्न खटाएको ठाउँमा नजाने काम कदापि गर्नु हुँदैन । जनताले जस्तोसुकै दुःख भोगे पनि राज्यले कर्मचारीलाई सित्तैमा काम लगाएको छैन । राष्ट्रिय ढिकुटीदेखि नियमित तलब भत्ता बुझ्ने कर्मचारीले राज्यले खटाएको जुनसुकै ठाउँमा गएर सेवा दिनुपर्छ । नयाँ ढाँचाका स्थानीय तहहरूको सञ्चालन गर्न त्यसैबमोजिमका लगनशील, इमानदार र कर्तव्यनिष्ठ राष्ट्रसेवकहरू परिचालित गर्नुपर्छ । गाउँघरका जनतालाई प्रत्यक्ष सेवा दिन खटिने कर्मचारीहरूमा जनतासँग घुलमिल गर्न सक्ने र जनचाहना बमोजिम काम गर्न सक्ने क्षमता हुनुपर्छ । जनप्रतिनिधिहरू सबै पढे लेखेका छैनन् । उनीहरूलाई ऐन, कानुनबमोजिम काम गर्न कर्मचारीहरूले नै सहयोगी भूमिका खेल्नुपर्ने हुन्छ । योजना तर्जुमा गर्नेदेखि विकासका काम सम्पन्न गर्नेलगायत थुप्रै अधिकार पाएको स्थानीय तहलाई नारामा भनिएझैँ गाउँघरको सिंहदरबारमा बदल्ने मुख्य दायित्व कर्मचारीतन्त्रको नै हुने भएकाले तत्काल कर्मचारी खटाई जनतालाई सेवा दिन आवश्यक छ ।

# चिकेन नेक छिनाल्नै पर्छ



**सुरेन्द्र ढकाल**
(अध्यक्ष देपसा मोर्चा)

**भारत सरकार निर्मम रूपमा गोर्खालैण्डको आन्दोलन दबाउन अग्रसर मात्रै भएको होइन कि दार्जिलिङ जिल्लाबाट कालिपोङलाई विखण्डन गरी पश्चिम बंगालअन्तर्गत बेग्लै जिल्ला बनाउने हरकत समेत भारतले गरिसकेको छ ।**

नेपाल र बंगलादेशबीच रहेको २५ माइलको इलाकालाई चिकेन नेक याने कुखुराको घाँटी भनिन्छ । यही नेकको कारण नेपाल तीनतिरबाट भारतले घेरिएको हो । अनि यसको कारण नेपाल भारतमा परनिर्भर देखिएको हो । यो इलाका ग्रेटर नेपालको भूमि हो र यो क्षेत्र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा स्वायत्त भएको खण्डमा मुख्य भारतको अरुणाचल प्रदेशसँग भौतिक सम्बन्ध टुट्छ र पूर्वी पाकिस्तान टुक्रेर बंगलादेश बने जस्तै त्यहाँ आसाम बोडो, नागा मणिपुर मिजोरम स्वतन्त्र राष्ट्र बन्न जान्छन । यही कारणले गर्दा भारत र यसको गुप्तचर संस्था रअले यस क्षेत्रमा विशेष निगरानी राख्ने गर्दछ ।

जबदेखि स्वायत्त प्रदेश गोर्खालैण्डको लागि आन्दोलन सुरु भयो तबदेखि नै भारत सरकार र रअको निद हराम भएको छ । झन् यस पंक्तिको लेखकको नेतृत्वमा विशाल नेपालको आन्दोलन चलेबाट भारत झनै आक्रामक हुँदै आएको हो । भुटानको राजा जिग्मेलाई उचालेर एक लाखभन्दा बढी नेपालीलाई भुटानबाट खेदी नेपालमा शरणार्थी बनाउने, ग्रेटर नेपाल जनमत संग्रह गरी निर्माण गर्न सकिन्छ भनेको आधारमा मदन भण्डारीको हत्या गराउन लगाउने अनि भारतीयहरुलाई नेपाली नागरिकता नदिएकै कारण राजा वीरेन्द्रको वंश विनाश र नेपालबाट राजतन्त्र उखेल्ने कार्य समेत भारतले गर्‍यो ।

चिकेन नेकमा भारतको कडा नियन्त्रण हुनु पर्दछ र गोर्खालैण्ड बनेमा कालान्तरमा त्यो नेपालमा मिसिने स्वत देखिएको हुँदा भारतको आम विखण्डनको आधार तय हुने देखी अहिले भारत सरकार निर्मम रुपमा गोर्खालैण्डको आन्दोलन दबाउन अग्रसर मात्रै भएको होइन कि दार्जिलिङ जिल्लाबाट कालिपोङलाई विखण्डन गरी पश्चिम बंगालअन्तर्गत बेग्लै जिल्ला बनाउने हरकत समेत भारतले गरिसकेको छ । त्यतिले नपुगी जब नेपालीभाषी माथि बंगाली भाषा अनिवार्य रुपमा थोपर्ने जस्ता कार्य गरियो यसले गोर्खालैण्डको आन्दोलनको आगोमा घ्यू थप्ने कार्य गर्‍यो ।

अब भारतको केन्द्रीय सरकार तथा बंगाल प्रान्तीय सरकारको अगाडि गोर्खालैण्डको आन्दोलन निल्नु न ओकल्नुको अवस्थामा पुगेको छ । झन् सिक्किमलगायत विश्वभरि छरिएर रहेका नेपालीहरुले स्वायत्त गोर्खालैण्डको पक्षमा आवाज उठाइरहँदा र आन्दोलन दबाउनकै लागि आर्थिक नाकाबन्दी समेत लगाएपछि दार्जिलिङ र सिक्किम भारतको होइन रहेछ भन्ने विश्वले निर्ष्कष निकालेकै वखत कास्मिरमा पुनः द्वन्द चर्कनु र पुनः स्वतन्त्र खालिस्तानको माग उठनु अनि यता चीनले भुटान र सिक्किमलाई भारतको चंगुलबाट बाहिर पार्ने उद्देश्यले युद्धको तयारी गर्नुले अब भारतको आम विखण्डनलाई कसैले रोक्न नसक्ने अवस्था सिर्जना भएको छ । अब चिकेन नेक छिनाल्नै पर्छ ।

# गैरसरकारी संस्था नियमन अनिवार्य



**जगदीश लामिछाने**
रौतहट, पौराई

सर्वप्रथम राजदरबारबाट आफ्ना पिताजी भारतीय राजदूतावासमा प्रवेश गर्दा तत्कालीन युवराजाधिराज महेन्द्रको मन त्यति प्रसन्न नभएको हुन सक्छ । तर पनि त्यसबेलाको परिस्थिति विरोधको अनुकूल थिएन, त्यसमाथि आफ्नै पिताजीको निर्णयमा बाध्य नै थिए ।

समयले त्यो राजपरिवारलाई केही फलिफाप र जनतालाई कष्टकर भएको २००७ र पछिल्ला केही घटनाले आफैं बोल्छन् । भारत बलियो भयो, नेपाल कमजोर भयो । काठमाडौं फर्केपछि पनि त्यति सुखप्रद रहेन सरकार फेरिइरहे । तर श्री ५ युवराजाधिराज महेन्द्र र आफैं श्री ५ भएपछि उनले गरेका कामले उनले सक्दो गरे भन्नेमा दुईमत राख्दा राष्ट्रको कल्याण हुँदैन ।

२०१७ कै वातावरण पनि छिमेकीले भन्न नपाउने गरी उनले बनाएकै देखियो । यस विषयमा भारत मात्र होइन, उनले संसारका धेरै तत्कालीन नेताहरुको मन बुझेकै हुन् । छिमेकी भारत र चीनले भन्न नपाउने गरी ठूलठूला राजमार्गहरु बनाएकै हुन् ।

यसरी विश्व संसारमा परिचित भई आफ्ना छोरा श्री ५ वीरेन्द्रको शिक्षा पश्चिमी संसारमा हुन जाँदा झन् संसार नेपालको हस्तामलक नै भयो र विश्वका नेताले पनि नेपाल राम्रैसँग हेरे । यही चेपुवामा पश्चिमी जगत र भारत मिलेर खम्पाहरु २०३२ सम्म नेपालका मुस्ताङ, मनाङ आदिमा पालिएका हुन् । नभन्दै २०३२ मै खम्पा समस्या श्री ५ वीरेन्द्रले समाधान गरिदिँदा चीन त खुसी भयो अरु संसारसहित भारत रिसाउने कारण पर्न गयो । त्यसैले नागरिकता प्रमाणपत्र नेपालीहरुलाई दिनु र सार्कको गठन आदि उनका राम्रा काम छिमेकी भारतलाई बिझायो ।

श्री ५ वीरेन्द्रको २०५८ जेठ १९ गते वंश विनाश भयो । भारतमै १२ बुँदे सम्झौता गरेर माओवादीलाई सुविधासहित दिने गरी लिएर आउँदा सातै दलका केही नेतालाई त रमाइलो भयो होला तर त्यही माओवादीमार्फत १६००० भन्दा बढी नेपाली भारतमा नै बसेर मारिँदा सरासर गलत भयो ।

अर्को कुरा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत देशभित्र विधर्म र जात जातसहित विभिन्न खेल भइरहेछ । ती बोक्ने दल विशेष सातै दलभित्रकै हुनुपर्छ । जसका पालामा सुरु भएकै रहेछ भने पनि अहिले बराबर सरकार फेरिइरहने रोगकै कारण नै अब निर्मूल गर्नुछ भने गैरसरकारी संस्थाहरुलाई नियमन गर्नैपर्छ ।

देशभर राष्ट्रिय भावना श्री ५ महेन्द्रकै पालामा अंकुरित र वीरेन्द्रका पालामा विकसित भएको बखत हाम्रै टिस्टा काँगडा कति गाह्रो नमानी खाने भारतले श्री ५ महेन्द्रकै पालाका विवादास्पद व्यक्ति प्रम सूर्यबहादुर थापामार्फत सन् २००३ मै प्रथम स्वीकृत साना विकास परियोजना (एसडिपी) फेरि नवीकरण गर्न भारतको चर्को दबाब आएको २०७४ साउन ८ को अन्नपूर्ण पोस्टले जानकारी दिएको छ ।

अरु देशका आईएनजिओ यो देशमा खेल्न दिएसम्म भारतले यो र त्यो भनी आफ्नो खुट्टा झिक्न गाह्रो मान्नु उसैका स्वार्थका लागि हो । हाम्रै टिस्टा काँगडा फिर्ता दिन पर्ला भनी गाह्रो मानेको बुझ्न कठिन छैन तर अन्नपूर्ण पोस्टकै २०७४ असार १२ गते सोमबार पृष्ठ ६ मा लेखिएको 'सेनाले नचिनेका शत्रु' नामक युवराज गौतमकै लेखअनुसार पनि वर्तमान कालमा विश्वमा शक्ति सम्पन्न राष्ट्रले गर्ने राजनीति यिनै गैरसरकारी संस्थामार्फत नै हुने प्रस्ट भएको र यिनलाई भारतले २०१६ मा २० हजार चीनले २०१७ मै सात हजार त्यस्तै रसिया श्रीलंका र इजिप्टले गैरसरकारी राष्ट्रिय अन्तर्राष्ट्रिय संस्थाको नियमन गर्नुहुन्छ र नेपालले किन नहुने ?

हाम्रा प्रधानमन्त्री र मन्त्रीहरुले पनि विदेशको तलब अवश्य खाएका छैनन् होला । नेपालकै तलब खाएका हुन् भने सम्पूर्ण यस्ता भारतले अघि सारेका जस्ता साना विकास परियोजनाहरु आइएनजिओ र एनजिओकै नियमन एकैचोटि ल्याएर तुरुन्त नियमन गरी आफ्नै बजेटअनुसार आफैं नेपालले अरुले हैन खर्च गर्ने योजना मात्र ल्याउन दिनुपर्छ ।

आफूखुसी विदेशीलाई यसरी एनजिओ राख्न दिने हो भने आफू त कुम्लो कुटुरो लिएर विदेश पस्नुपर्छ । नेपाली जनताले पनि भोलि चीन र भारतले यो देश नेपाल आधा आधा बाँडेर खाएको हेर्न नपरोस् । त्यसबेला नेपाली जनता कहाँ जाने आजै निर्णय गर्ने कि ? होइन भने देशी विदेशी गैरसरकारी संस्थाहरु सरकारले तुरुन्तै नियमन गर्नुपर्छ पर्छ ।

**अबको क्रान्ति : पर्यावरणीय**

**सुदर्शन प्रधान**

# पजेरोलाई पैदलले उछिन्छ

नेपाली समाजमा एउटा लोककथा छ खरायो र कछुवाको । एक पटक खरायो र कछुवाबीच प्रतिस्पर्धा भएछ 'डाडाँको टुप्पामा को पहिला पुग्ने' भनेर । जब प्रतियोगिता सुरू भयो, तीव्र वेगमा दौडने खरायो हावासरह कुद्यो र एकैछिनमा थाक्यो, अनि बाटोमै सुत्यो । कछुवालाई हेपेर सजिलै आफूले जित्ने ठानी उसले अवमूल्यन गर्‍यो ।

ढिलो हिँड्ने कछुवाचाहिँ दृढ निश्चयी र धैर्यवान् भएर बाटो लाग्यो । उसले आफ्नै गतिमा कतै नरोकिई फटाफट पाइला बढायो र अन्तमा डाँडाको टुप्पोमा पुगेर ऊ आरामसाथ बस्यो । यता खरायो निन्द्राबाट ब्युँझेर पुनः दौडन थाल्यो तर गन्तव्यमा पुग्दा त कछुवा अगि नै पुगी पसिना पुछिरहेको देख्यो । खरायो हैरानीमा पर्‍यो ।

छिटो दौडेर मात्र हुँदैन बरू दृढ निश्चय र निरन्तर गतिले ढिलै हिँडे पनि लक्ष्यमा पुगिन्छ भन्ने यो कथाको सार हो ।

पर्यावरण संरक्षण आन्दोलनको अभियानमा माथिको कथासँग धेरै कुराहरू मेल खान्छन् मेरा कथा र व्यथाहरू । किनकि २०५० साल बर्सादमा जन्मिएको हाम्रो संस्था नेपाल पर्यावरण संरक्षण तथा संवर्द्धन सङ्घ (EPPAN) जस्ता थुप्रै वातावरणीय संस्थाहरू थिए । चितवन, तनहुँ, कास्की र काठमाडौंमा ती मैले देखेको हुँ । प्रायः ती सबै संस्थाहरू विदेशी दातृ राष्ट्रहरूका आर्थिक र भौतिक सहयोगमा चल्थे । फ्ल्याट र ठूलठूला पक्की भवनहरू तिनीहरूका अफिस हुन्थे । ती संस्थाका प्रमुख र पदाधिकारीहरू पजेरो, प्राडो र ल्यान्ड क्रुजरमा सयर गर्थे । तिनलाई देख्ता मलाई किनकिन हाँस उठ्थ्यो । हुन सक्छ, ती साधनहरू प्रतिघण्टा ९०–१०० कि.मि. गुड्थे जब कि आफू प्रतिघण्टा पैदलमा केवल ४–५ कि.मि. मात्र पार गरिन्थ्यो ।

हाम्रो कार्यालय नारायणगढको बालकुमारीस्थित क्याम्पस रोडको एउटा सानो कोठामा थियो । कहिलेकाहीँ कोठाको भाडा तिर्न मुस्किल पर्दा घरबेटी कड्केर थर्काउँथ्यो । कति पीडासँग झन्डै तीन वर्ष त्यो कोठामा कार्यालय चलाइयो, आफू मात्र जान्दछु । त्यस बेला गैंडाकोट, क्षेत्रपुर भेक, वागीश्वरी, भरतपुर, बसेनी, भौजाड म पैदलै हिँड्थें र टाढा जानुपर्दा मात्र सार्वजनिक बसहरू प्रयोग गर्थें । त्यस बेला एभरेस्ट फिड उद्योगका गुणचन्द्र विष्ट, चन्द्रमान श्रेष्ठ अनि पुलचोक दही पसलका राजकुमार प्रधानहरूको आत्मीय र आर्थिक सहयोग स्मरणीय छ ।

आज २०७० मङ्सिरमा पूरा २० वर्ष भएछ यो महान् पर्यावरण आन्दोलनमा लाग्दै आएको । यो अन्तरालमा ती थुप्रै पजेरो, प्राडोधारी वातावरण संस्थाहरू लोप भए तर हामी नेपालका हिमाल, पहाड, तराईका कैयौं ठाउँहरूमा निरन्तर पुगिरहेछौं र सङ्गठन विस्तार गरिरहेछौं, हाम्रो अभियानले राष्ट्रव्यापी रूप लिँदै छ । राष्ट्रिय सीमा नाघेर बाहिर पनि आज हामी प्रकृतिको सुरक्षाका विषयमा ठूलठूला रणनीतिहरू बनाउँदै छौं । जस्तै– नेपालका नगरपालिकाका बजारमा जम्मा हुने फोहोरमैला नगरपालिका कार्यालयहरूले खोला, नदी र जङ्गलका किनाराहरूमा थुपार्छन् त कतैकतै चारैतिर खाल्टा खनेर जम्मा गरी राख्छन् । उनीहरू त्यसलाई डम्प गर्ने भन्छन् र उक्त क्षेत्रलाई डम्पिङ साइटले सम्बोधन गर्छन् ।

जल, जमिन र आकाशमा प्रदूषण फैलाउने ती सबै प्रकृतिको सुरक्षा र संरक्षणबारे नैतिक, बौद्धिक र व्यावहारिक दरिद्रताका उपज हुन् । अब कुनै पनि मूल्य चुकाएर धरतीयोद्धाहरूले ती सबै आफ्नो नियन्त्रणमा लिनेछन् र राष्ट्रव्यापी एक सशक्त सन्देश दिनेछन् । चितवन त्यसमा पहिलो नमुना जिल्ला बन्नेछ । यसलाई कुनै पनि शक्तिले रोक्न सक्ने छैन । जो धरतीयोद्धाहरूविरूद्ध षड्यन्त्र गर्नेछन्, ती भस्मीभूत हुनेछन् । त्यति मात्र होइन, तिनले सात पुस्तासम्म कलङ्कको टीका पनि लगाउनेछन् धरतीभक्षकका सन्तान दरसन्तान भनेर । पूर्वसङ्केतहरू नकारात्मक पाएकाले यो आगोरूपी शब्दहरू ओकल्नुपरेको हो। यो यस्तो आँधी हो, जसले कुनै पनि कृत्रिम छेकबार हरूलाई ढाल्नेछ र धरती जगमगाउनेछ ।

त्यसरी नै अफगानिस्तानदेखि बर्मासम्म उत्तरतर्फ ३५०० कि.मि. मा फैलिएको हिमशृङ्खला (हिन्दूकुश पर्वतमाला) को संरक्षण र संवर्द्धनका लागि चीन (तिब्बत) सहित सार्क सदस्य राष्ट्रका सरकारी, गैरसरकारी अधिकारी, व्यापारी, उद्यमी र पर्यावरणविद्हरूबीच एउटा बृहत् सम्मेलन आयोजना गर्नेबारे पनि पूर्वतयारी गर्दै छौं । त्यस सम्मेलनको मूल अवधारणपत्र हामी नै प्रस्तुत गर्छौं । सो अवधारणापत्रमा यस क्षेत्रका झन्डै २ अरब जनताको भाग्य र भविष्य रहेको छ ।

धरतीको पर्यावरणीय सुरक्षा कसरी गर्ने ? यस विषयमा पनि विश्वव्यापी सम्मेलन गर्नेबारे हामी सोचिरहेछौं र पूर्वाधारहरूको सोधखोज हुँदै छ । किनकि पृथ्वीको वास्तविक सुरक्षा र संरक्षणबारे सही दार्शनिक सिद्धान्त र कार्यक्रमहरू कतैबाट पनि आएका छैनन् । बरू विश्वव्यापी आँधीबेहरी ल्याई धरतीलाई लुटपाट गरिरहेका शासकहरूको कब्जाबाट मुक्त पार्ने र पृथ्वीलाई चिरकालसम्म संरक्षण र संवर्द्धन गर्ने आवश्यक सम्पूर्ण विचारधारात्मक र व्यावहारिक औजारहरू वा पार्टपुर्जा र इन्जिन हामीसँग छन् । त्यसको प्रमाण रूपमा यो पुस्तक स्वयम् पनि नमुना हो । यसबारे हामी विश्वव्यापी सन्देश दिँदै छौं ।

माथिका पङ्क्तिहरू स्वयम् एक ओजिलो सफलताका उपज हुन् तर काम फत्ते हुन बाँकी छ । हिजोका पजेरो, प्राडोधारीहरूले छोडेको प्रदूषण र कुडाकर्कट सफा गर्नु पनि हाम्रो भारयुक्त कुरा छ । किनकि थुप्रै मानिसहरू 'हाम्रो संस्थाका आर्थिक सहयोग गर्ने दातृराष्ट्र कुन हो ? तिमी कति तलब पाउँछौ ?' जस्ता प्रश्न गर्छन् । विगतका पर्यावरणसँग सम्बन्धित सङ्घसंस्था र व्यक्तिहरू प्रकृति संरक्षणका लागि क्रियाशील हुँदा धनदौलत र सुखसुविधा धेरै लिने र त्यसैलाई मात्र प्राथमिकता दिने भएकाले हामीलाई पनि त्यही नजरले हेरेका हुन् । त्यो विचारलाई पूर्ण रूपले सफा गर्नु हाम्रो कर्तव्य रहेको छ ।

महान् प्रकृति मानवसमाज र सभ्यताभन्दा धेरै माथि छ । जनताको सेवा पनि पूर्ण इमानदारी र बफादारीपूर्वक गरिनुपर्छ भन्ने कुरामा हामी दृढ छौं भने अझ यो धरती, प्रकृति, पृथ्वीको सेवा त झनै उच्च सतर्कतापूर्वक गरिनुपर्छ । हामी यसमा प्रतिबद्ध छौं ।

# मैले देखेको छैटौं विश्व सम्पदा : इटलीको आग्रिजेन्तो


— सुरेन्द्र ढकाल —




भूमध्यसागरको तटमा रहेको आग्रिजेन्तो सहर



चारैतिरबाट जुनोको मन्दिर यस्तो देखिन्छ



दैनिक हजारौं पर्यटक जुनोको मन्दिर पुग्छन्



जुनोको मन्दिरबाट देखिने आग्रिजेन्तो सहर



जुनेको मन्दिरछेउ लडिरहेको विशाल मूर्ति



जुनेको मन्दिरछेउ लडिरहेको विशाल मूर्तिको टाउको



जुनोको मन्दिरको बगैंचामा विदेशी साथीहरूका साथ सुरेन्द्र ढकाल

सिराकुसाको विश्व सम्पदा नेक्रोपोलीको अवलोकन गरिसकेपछि हामी आग्रिजेन्तोतर्फ लाग्यौं । विशाल ग्रीक (Magna Grecia) कालिन शहर आग्रिजेन्तोमा अवलोकन गर्न लायकका कुराहरुमा जुनोको मन्दिर, सेन्ट लरेन्स चर्च,पोर्ता दि पोन्ते र जायन्ट प्यालेस र सान दोमेनीको चर्च पर्दछन । यद्यपि आग्रिजेन्तो जुनोको टेम्पलकै कारण विश्व सम्पदा सूचीमा परेकोले हाम्रो भ्रमण त्यतैतिर सोझिएको थियो । सिराकुसामा त्यहाँका मेयरले दिएको दिवाभोज सकेर हामी आग्रिजेन्तोतर्फ लागेका थियौं । आग्रिजेन्तो इटलीको सिसली टापुको दक्षिणी किनारको समुद्री तटमा रहेको छ । यसलाई प्राचीन ग्रीस भाषामा आक्रागस र लेटिनमा आग्रिजेन्तुम भनिन्थ्यो । इशापूर्व ४०६ मा नै प्राचीन ग्रीकको स्वर्णकालमा यहाँको जनसंख्या दुईदेखि आठ लाखसम्म थियो । समुद्रसँगै रहेको टारमा जस्को दुईतर्फ हिप्सास र आक्रागस नदी भएकोले प्राकृतिक रुपमा नै किल्लावन्द र सुरक्षित रहेको थियो । विशाल ग्रीक साम्राज्यको उपनिवेशको रुपमा रहेको आग्रिजेन्तो इशापूर्व ५८२ देखि ५८० सम्ममा नै आर्थिक रुपले उन्नतिको शिखरमा पुगिसकेको थियो । इशापूर्व छैठौं शताब्दिमा सामन्ती शासक फलारिस र थेरोनलाई लघारीसकेपछि यहाँ प्रजातान्त्रिक शासन प्रणाली लागु भएको थियो ।


इशापूर्व ४०६ मा कार्थिजिनियानहरुले प्रजातान्त्रिक शासन खतम गरी आग्रिजेन्तोलाई ध्वस्त गरी आफनो अधिनमा राखेका थिए । पछि त्यही शताब्दीमा टिमोलेओनहरु आएर यस शहरलाई पुनर्जीवन दिए । इशापूर्व २६१ मा भएको पहिलो प्युनिक युद्धमा कार्थिजिनियानहरु रोमनहरुसँग हारेपछि यो शहर रोमको अधिनमा गयो । पछि इशापूर्व ४४ मा जुलियस सिजरको शासनकालमा आएर मात्र यहाँका ग्रीस भाषा बोल्ने जनसंख्याले रोमन नागरिकता पाएको थियो । रोमन साम्राज्यको पतनसँगै यस शहर भान्डालिक अधिराज्य, ओष्ट्रोगोथिक अधिराज्य अनि पछि गएर बेन्जानटाइन साम्राज्यको अधिनमा पर्न गयो । सन् ८२८ मा साराकेनहरुले आफनो अधिनमा लिई यस शहरलाई भग्नावशेषमा परिणत गरिदिए । त्यसपछि सन् १०८७ मा नोरमानहरुले सिसली टापुको विजय गरेसाथै यहाँको जनसंख्या न्यून हुँदै गयो र पछि अठारौं शताब्दि पछिमात्र यहाँको पुनरुत्थानले गति लियो ।

सन् १८६० मा बर्बनहरुको शासन अन्त्य गरी जुसेप्पे गैरिवाल्डीले इटलीको एकिकरण गरेपछि यो इटलीको भूभाग बन्न पुग्यो र दोस्रो विश्वयुद्धमा नराम्ररी तहसनहस भएको थियो । सल्फर र पोटासको ठूलो खानी भएको यो शहरको ठूलो आयस्रोत भनेकै पर्यटन व्यवशाय हो । अहिले पनि यहाँको पुरातात्विक क्षेत्रहरु उत्खनन गर्ने कार्यहरु भइरहेका छन् र इशापूर्व ६ देखि ५ सम्म यहाँ थुपै मन्दिरहरु डोरिक शैलीमा बनेका थिए । जुनोको मन्दिर त विश्व सम्पदा सूचीमा नै रहेको छ ।

## जुनोको मन्दिर

जुनोको मन्दिरलाई हेरा लाकिनिया पनि भनिन्छ जुन आग्रिजेन्तो शहरको मन्दिरको उपत्यकामा अवस्थित छ । इशापूर्व पाँचौं शताब्दिमा डोरिक शैलीमा बनेको यस मन्दिर रोमन शासनकालमा उत्खनन गरी निकालिएको थियो । चौडातर्फ ६ स्तम्भ र लम्बाईतर्फ १३ स्तम्भ भएको यस मन्दिरभित्रको क्षेत्रफल ३९ मिटर लम्बाई र १७ मिटर चौडाइ रहेको छ । स्तम्भहरुको उचाई भने ६ दशमलव ४४ मिटर रहेको छ जुन सिंगमरमरले बनेको छ । यस मन्दिरको भित्री भाग नाओस् र प्रोनाओस गरी दुई भागमा छुट्टिएको छ । जुन कुनै संरक्षित अवस्थामा राखिएका छन् भने कुनै भग्नावशेषकै रुपमा छन् ।

# नेपालकै अग्लो पचाल झरना



कालिकोट । कालिकोटको पचाल झरना नेपालकै सबैभन्दा अग्लो झरना सावित भएको छ । यो झरनाको अहिलेसम्म औपचारिक नाप लिइएको छैन । तर स्थानीय तह बनेसँगै पचालझरना गाउँपालिकाको पहलमा नाप लिइएको हो । त्यसक्रममा पचाल झरना नेपालकै सबैभन्दा अग्लो भएको पाइएको हो । प्राविधिक टोलीले यसको नाप लिंदा उचाई ३८१ मिटर पाइएको छ । यस अघि नेपालको सबैभन्दा अग्लो मानिएको तेह्रथुमको ह्यातुङ झरनाको उचाई ३६५ मिटर मात्र छ । तर, पचाल झरनाको उचाई १६ मिटर अग्लो पाइएको हो ।

वास्तबिक उचाई पत्ता लागेसंगै यो झरना विश्वकै ३० अग्ला झरनाहरुमा परेको छ । नेपालको मात्र नभएर यो झरना एसियाकै सबैभन्दा अग्लो भएको दाबी समेत गरिएको छ । तर यो झना अहिलेसम्म नेपाल पर्यटन बोर्डमा समेत सूचिकृत भएको छैन ।

Remember us for the Construction of Private and Public Works

EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners

GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
Upto 15KVA
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

अनुशासन र नैतिकताविहीन व्यक्ति पशुभन्दा पनि तुच्छ हुन्छ । यसैले राष्ट्रिय जीवनका हरेक आयामहरुमा उदाहरणीय अनुशासन र नैतिकता कायम गर्न आजैदेखि आफैबाट त्यसको शुरूवात गरौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

आधा आकाश

■ शिवराज खत्री

# गर्भपतन सेवाबारे थाहै छैन

**अछामका महिलाले गर्भ बसे पनि जचाउँदैनन् । अनुमानको भरमा गर्भपतनको औषधि खाइर्दिदा ज्यानै जोखिममा पर्ने गर्छ । घरकाले ल्याइदिएका औषधि खाने र रगत बग्न नरोकिएपछि मात्र स्वास्थ्य चौकी आउनेहरूको सङ्ख्या दिनप्रतिदिन बढिरहेको छ ।**

अछाम । भटाकाटियाकी धनसरा साउद (नाम परिवर्तन) का चारजना छोराछोरी भइसकेका छन् । त्यसैले उनलाई थप सन्तान जन्माउने रहर छैन । रहर नहुँदानहुँदै उनको महिनावारी रोकियो । उनले श्रीमान्सँग सल्लाह गरेर गर्भमा रहेको बच्चा नजन्माउने निधो गरिन् । गाउँकै मेडिकलमा गएर धनसराले गर्भपतनको औषधि सेवन गरिन् । औषधिले तीन दिनसम्म लगातार रगत बगायो ।

रगत बग्न नरोकिएपछि उनी बयलपाटा अस्पताल पुगिन् । त्यहाँ स्वास्थ्यकर्मीले जाँच गर्दा उनले सेवन गरेको औषधिले राम्रोसँग काम नगरेर रगत बगेको देखियो । तीन दिनसम्म रगत बगेपछि उनको शरीरमा रगतको मात्रा कम भइसकेकाले अस्पतालमा दुई पिन्ट रगत चढाउनुपर्‍यो । तालिमप्राप्त स्वास्थ्यकर्मीले भ्याकुमको सहायताले पाठेघर सफा गरेपछि उनी थिलथिलो भएर घर फर्किइन् ।

चिकित्सकसँगको परामर्शका क्रममा उनलाई गैरकानुनी रूपमा औषधि पसलले औषधि दिएको थाहा भयो । धनसराले नचाहेको गर्भ फाल्न औषधिले नै काम गरिहाल्छ भन्ने सोचिन् । औषधि पसलबाट लिएको औषधिले उल्टै ज्यान नै जोखिममा पारिदियो । धन्न समयमै अस्पताल पुगेकाले उनको ज्यान जोगियो ।

धनसरा मात्रै होइन, अछाममा धेरै महिलाले सुरक्षित गर्भपतनबारे कानुनी ज्ञानको अभाव तथा सुरक्षित गर्भपतन सेवा दिने संस्थाबारे जानकारी नपाएकै कारण असुरक्षित गर्भपतन गराइरहेका छन् । अछामको बयलपाटा अस्पतालमा मात्र चालू आर्थिक वर्षको १० महिनाको अवधिमा एक सय ५० महिलाले गर्भपतन गराएको तथ्याङ्कले देखाउँछ । यसबाहेक गैरकानुनी रूपमा गर्भ पतन गराएर जोखिम मोलिरहेका महिलाको त कुनै तथ्याङ्क नै छैन ।

बयलपाटा अस्पतालका मेडिकल अधिकृत डाक्टर विकास गौचन गाउँमै मेडिकलको औषधि सेवन गरेर राम्रोसँग



गर्भपतन नहुँदा मात्र स्वास्थ्य चौकी आउने बताउँछन् । 'चार-पाँच महिनाको गर्भसमेत बिगारेर यहाँ आउँछन् । मान्छे मर्न लागेको हुन्छ । हामीले बचाउने प्रयास त गर्नैपर्‍यो,' उनी भन्छन् । औषधि पसलबाट लगेको गर्भपतनको औषधिले पूरै गर्भपतन नभएपछि अस्पताल आउनेको सङ्ख्या बढेको उनी स्वीकार गर्छन् ।

'मेडिकलले गर्भपतन गराउने औषधि बिक्री गर्न नै पाउँदैनन् । त्यसमा पनि औषधि खाएर नौ हप्तासम्मको गर्भ मात्रै फाल्न सकिन्छ,' गौचनले भने, 'महिला गर्भ बसेपछि नजचाउने र अनुमानको भरमा औषधि खाइदिन्छन्, त्यसले गर्दा ज्यान जोखिममा पर्ने गर्छ । मेडिकल सेवाभन्दा पनि औषधि बेचेर पैसा कमाउने सोचले कम गुणस्तरको औषधि दिनसमेत पछि पर्दैनन् ।'

गर्भपतनका लागि अनुमानको भरमा औषधि किनेर खानेहरू जिल्लाका दुर्गम गाउँका महिला छन् । जहाँ सरकारले सुरक्षित गर्भपतन सेवाको पहुँच सहज रूपमा पुर्‍याउन सकेको छैन । एकातर्फ सुरक्षित गर्भपतन सेवाबारे ग्रामीण भेगका महिलामा जानकारी नै छैन भने अर्कोतर्फ दिनानुदिन असुरक्षित रूपमा गर्भपतन गराउन औषधि खाने प्रचलन बढ्दै गएको छ । स्थानीय मञ्जु साउद (नाम परिवर्तन) भन्छिन्, 'घरकाले औषधि ल्याइदिन्छन् । खा भनेर दिन्छन् । हामी त चुपचाप खान्छौं । के हुन्छ । के थाहा र !'

राज्यको निकायबाट पनि जिल्लाका औषधि पसलहरूमा निगरानी र अनुगमन भएको छैन । गैरकानुनी रूपमा गुणस्तरहीन औषधि बेचेर गर्भपतन गराउने महिलाको ज्यानसँग जोडिएको महत्वपूर्ण विषयमा पनि राज्यले खासै ध्यान नदिएको डा. गौचनको गुनासो छ ।

सदरमुकाम वरपरका केही स्वास्थ्य संस्थामा सुरक्षित गर्भपतन सेवा सुरु भएका छन् । मेल्लेख स्वास्थ्य चौकीका अहेव कविता जोशीले सेवा क्षेत्रभित्रका सबै निजी मेडिकललाई पत्र काटेर सुरक्षित गर्भपतन सेवा सञ्चालन भएको जानकारी गराएको बताइन् । उनी भन्छिन्, '२०७३ माघबाट सुरक्षित गर्भपतन सेवा सुरु भएको मेल्लेखमा हालसम्म एक सयभन्दा बढीले सेवा लिइसकेका छन् । तीमध्ये अधिकांश पहिला औषधि खाएर समस्या भएपछि आउनेहरू नै छन् ।'

हाल जिल्ला सदरमुकामनजिकै रहेका अस्पताल मंगलसेन, बयलपाटा अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र चौरमाण्डौ र कमलबजार, स्वास्थ्य चौकीहरू मेल्लेख, विनायक, जयगढ, दुनी, हिच्मा, जुपु, शान्तडा, तुर्माखाँद र बारलामा सुरक्षित गर्भपतन सेवा उपलब्ध छ । सुरुमा जिल्ला अस्पताल र बयलपाटा अस्पतालमा मात्र सुरु गरिएको सुरक्षित गर्भपतन सेवा अहिले विस्तार भएर जिल्लाका विभिन्न १३ वटा स्वास्थ्य संस्थाबाट सञ्चालित छ ।

जसमध्ये जिल्ला अस्पताल, बयलपाटा अस्पताल, प्राथमिक केन्द्र चौरमाण्डौ र कमलबजारमा नौ हप्तासम्मको औषधि तथा १२ हप्तासम्मको भ्याकुमको माध्यमले गर्भपतन गर्ने सेवा छ भने बाँकी नौवटा स्वास्थ्य संस्थामा नौ हप्तासम्मको गर्भ औषधिको माध्यमले पतन गर्ने सेवा सञ्चालनमा छ । अछाममा ७५ वटा स्वास्थ्य संस्था छन् । तर, भौगोलिक विकटताका कारणले अधिकांश महिलाको सहज र कानुनी रूपमा उपलब्ध भएको सेवाबारे कुनै जानकारी पाउन सकेका छैनन् ।

*(सञ्चारिका फिचर सेवा)*

कविता

## सरकार सुतला होइस्याछ

(बाङ्गाकबिता )



● प्रेम ओली
(ढकलपुरे)

यै भुँडीले माग्छ
मलाई त कै चाहिँदैन हजुर
यै भुँडीले माग्छ
भुँडीले मागे मेरो के लाग्छ ?

घाँसले हुने भए घाँसै हालिदिन्थें
बाँसले हुने भए बाँसै हालिदिन्थें
हजुरसँग किन लिन्थैँ
बरु दुईचार उल्टो दिन्थैँ
तर के गर्ने
मिठो मिठो खोज्छ
के खान्छस् भुँडी भनेर सोध्यो भने
मासु मासु रोज्छ
मलाई किन चाहिन्थ्यो र हजुर
यै भुँडीले माग्छ
भुँडीले मागेपछि त
म बिचराको के लाग्छ ।

यो भुँडीलाई भुस परालले पनि नहुने
घुसै चाहिने
भैसीको दानापानीले पनि नहुने रे
जुसै खाइने
खाँदाखाँदा यो भुँडी
घ्याम्पो जत्रो भइसक्यो
तर कसैले छेक्दैन
अख्त्यारले छेक्छ त भन्थे
तर यसलाई अख्त्यार पनि देख्दै देख्दैन
यो घ्याम्पोभित्र
तपाईंले दिएको त्यो

कति खसी बोका पर्‍या छन्
कत्ति कुखुरा र राँगाहरु
ममको डल्ला बनी झर्‍या छन्
कति हात्ती गैंडा खस्या छन्
कति बाघ च्याङग्रा फस्या छन्
मलाई त यति रिस उठेको छ कि
यो भुँडीसँग
पापको घैलो जस्तै पट्किए हुन्थ्यो
फट्याङ्ग्रो जस्तो फुत्त फट्किए हुन्थ्यो
रुखको हाँगामा गई अट्किए हुन्थ्यो
मैले त खाँदैन भन्दै
भोक हरताल नै गर्द्या हो
तर के गर्ने यै भुँडीले माग्छ
भुँडीले मागेपछि मेरो के लाग्छ ?

यै भुँडीले
कुखुरा फुलदेखि पुलसम्म पचायो
भूकम्पपीडितलाई दिने झुलसम्म पचायो
मैले त सधैं ब्रत बसिदिउँ सोच्या हो
दुईचार दिन कोसिस गर्न नि खोज्या हो
एकैछिन नखाँदा नि औंधी भोक लाग्छ
भोक लाग्यो कि भुँडीले के के माग्छ
यो भुँडीले मागेपछि हजुर मेरो के लाग्छ ।

लघुकथा

## कर्मको खेल

गोमा सिटौला

उकाली-ओराली र मेलापातमा भ्याइनभ्याई पसिना चुहाउन विवश गाँउलेहरुलाई, यसपालि चुनावको माहोलले गर्दा, बाटोघाटो, चौतारा र कान्छीको चिया पसलमा निकै फुर्सदिलो र प्रसन्नताका साथ, झुन्ड-झुन्ड बसेर, ठूल्ठूला राजनीति गफ हाँकेको देख्दा, नेताहरुले 'हाम्रो उद्देश्य नै तपाईंहरुको मुहारमा खुसी झल्काउनु हो भन्थे' सायद 'खुसी' भनेको यही होला, मेरो सुस्त मनस्थितिले बुझ्थ्यो ।

म दुई महिनाको छोरोलाई घाममा सुताउँदै थिएँ । त्यतिखेर साइरन बजाउँदै हुइँकिएको गाडीको आवाजले छोराको निद्रा बिथोलिएर रुन थाल्यो । भित्रबाट आमाले रिसाउँदै भनिन्- 'यिनीहरुलाई चुनाब हारिएला भन्ने पीर छ । आफूलाई नाति दुब्लाउला भन्ने पीर छ ।' सुत्नै दिएनन्, बज्याहरुले । नानी, बाबूलाई भित्र लगेर सुता । पल्लो गाउँको निधिरामको छोरा 'रिवाज' चुनावमा उठेको छ । आज स्कुल नजिकैको चौतारीमा भाषण छ ।

'आमा- रिवाज दाइको दुई वटा श्रीमती हैन ?-मैले सोधे

'हो नि ! मोराले जेठी हुँदाहुँदै कान्छीलाई पनि, म कुमार केटा होभनेर भगाएर लेराएछ । पढेको, हुने खाने श्रीमान् भएर पनि निरीह, एक्लो गाउँले जीवन बिताउन बाध्य छ जेठी । उता कान्छीलाई भने शहरमा महल बनाएर, 'रानी' जस्तो गरी पालेको छ । नानी, आ-आफ्नो कर्मको खेल 'हिंड जाउँ, रिवाजको भाषण सुन्न । आमाले भनिन् ।

बाटोभरि आमाले भनेको, कर्मको खेल शब्दले पोल्छ मलाई । हराउँछु, आफैंभित्र, के विवाहित पुरुष, सुरा-सुन्दरीको इसारामा निरीह भएर स्त्रीगमनमा रमाउँछ भने एउटा विवाहित नारीको कर्मको दोष हुन्छ ? पुरुषको हरेक गल्ती र कमजोरीलाई नारीको भाग्यसँग तुलना गर्न मिल्छ ? उत्तर पूरा नहुँदै निरन्तर प्रतिउत्तरले फेरि प्रश्नवाचक चिन्ह खडा गराइरहँदा, नेताको भाषणले झसंग भएँ ।

त्यतिखेर नेता, भन्दै थिए- 'गाउँघरको विकास, बाटोघाटो, बेरोजगार युवाहरू, पिछडिएका जनजाति, वृद्ध भत्ता, पुरुष पीडित नारीको हकहित, वहुविवाह, बालविवाह र छोरी भ्रुण हत्याको वहसमा बलियो आवाज उठाउनलाई नै मैले चुनावमा उम्मेदवारी दिएको हो । यदि चुनावमा जितें भने ,वीरहरुको रगतको र देशको माटोको कसम खाँदै भन्दैछु । यी सबै कुराको विकास र उद्धार गरेरै छाड्नेछु ।

ताली तररर बज्छ तर हूलको बीचबाट कसै कसैले भनेको सुने-

नेता ज्यू ! 'तपाईंबाट पीडित जेठी श्रीमतीको पहिला उद्धार गर्नुहोस् । त्यसपछि हामी गाउँलेको र देशको बारेमा सोच्नुहोस् ।

*(साहित्य संसारबाट)*

# तङ्रिदै बिद्यालय शिक्षा

**दीपक अर्याल**



भूकम्प प्रभावित क्षेत्रका बिद्यालयहरू पुन आफ्नो लयमा प्रवेश गरेका छन् । तथापि सबै बिद्यालयहरूको भौतिक संरचना तयार भई नसकेका कारण स्थानीय बिद्यालयको पठनपाठन अस्थायी टहरामा भईरहेको छ । जिल्ला शिक्षा कार्यलय सिन्धुपाल्चोकको दाबीअनुसार सबै बिद्यालयमा चालु आर्थिक बर्षभित्र बिद्यालयको भौतिक संरचना पूर्ण रुपमा तयार हुने छ ।

विक्रम संबत् २०७२ वैशाख १२ गते गएको भूकम्प र त्यसपछिका पराकम्पबाट मुलुकभर झण्डै ७ हजार विद्यालयहरू पूर्ण वा आंशिक रुपमा ध्वस्त भएका थिए । जसबाट झण्डै १५ लाख ८९ हजार बालबालिकाहरू प्रभावित बन्न पुगेको सरकारी तथ्यांक छ । सिन्धुपाल्चोक जिल्लामा धेरै बिद्यालयको भौतिक संरचना ध्वस्त भएका थिए । जिल्ला शिक्षा कार्यलयका अनुसार ती बिद्यालय पुननिर्माणका क्रममा छन् ।

गत मंसीरको दोस्रो साता चौतारा नगरपालिका स्तरीय बाल भेलाका क्रममा ध्वस्त भएका बिद्यालयहरू संरचनात्मक हिसाबले असुरक्षित भएको आवाज बालबालिकाले उठाएका थिए । चौतारा नगर बाल सन्जालकी अध्यक्ष सिम्रन श्रेष्ठकाअनुसार भूकम्पपछि हामी बिद्यालय जाँदा हामी पढ्ने बिद्यालय नै थिएनन् । भूकम्पपछि २०७२ जेठ १७ गते आधिकारिक रूपमा विद्यालयहरू पुनः खोलिएका थिए । उनले भनिन्- 'हामी पढ्न चाहन्छौ भनेर खुला चौरमा पराकम्पसँगै औपचारिक पढाई सुरु भयो ।'

बाल भेला सञ्चालनका क्रममा बिभाजन गरिएको ८ देखि १३ बर्ष उमेर समूह र १३ देखि १८ बर्ष उमेर समूहका बालक र बालिकाका समूहबाट चित्रांकनका माध्यमले भूकम्पबाट आफूहरू दुखित भएको बिचार व्यक्त गरेका थिए । चौतारा नगरपालिकाका बालमैत्री स्थानीय शासन सम्पर्क व्यक्ति यमूना शाहकाअनुसार सबै समूहको निश्कर्ष करिब करिब मिल्दोजुल्दो रहेको बताए ।

भत्किएका घरका धुलोमूलोमा विद्यालयको युनिफर्म, ब्याग, कापी र अन्य शैक्षिक सामग्रीहरू पुरिएकोमा उनीहरूको सबैभन्दा ठूलो चिन्ता छ । उनी भन्छन्- 'उनीहरू ती सामानहरू किन्ने खर्च अभिभावकले कसरी व्यहोर्न सक्छन् भनी चिन्तित रहेका थिए । उनीहरूलाई निःशुल्क शैक्षिक सामग्रीहरू उपलब्ध गराउनु पर्छ भन्ने गहिरो भाव रहेको पाइयो ।'

चौतारा नगरका बालक समूहले विद्यालयका कम्प्युटरहरू र पुस्तकालयहरू ध्वस्त भएकाले उनीहरूलाई सिकाइका उपयुक्त साधनबाट बन्चित बनाइदिएको बताएका छन् । 'हामीलाई अरू केही पनि चाहिँदैन । हामीलाई फगत किताबहरू, कापीहरू र स्कुलको ब्याग मात्र आवश्यक छ ।' बाल सन्जालका गणेश सापकोटाले बताए ।

बालबालिकाहरूले बिद्यालय पुननिर्माण प्रक्रिया यथाशिघ्र छिटो सम्पन्न गर्नु पर्ने भावनालाई बालभेलाका क्रममा चित्रद्वारा व्यक्त गरेका थिए । बालभेलाका क्रममा चौतारा नगरपालिकाका बिद्यालय शिर्षकमा सिद्धीगणेश मावि सिरुवारी, चौताराकी चाँदनी तामाङले चिटिक्क परेको भूकम्प प्रतिरोधी र बालमैत्री बिद्यालय भवनको चित्र कोरेकी थिईन । 'हाम्रा अस्थायी सिकाइ केन्द्र (टिएलसि)हरू सहज शिक्षणका लागि उपयुक्त छैनन् । पढने बालबालिकाहरूको संख्या धेरै हुने हुँदा विभिन्न कक्षाहरूलाई एकै ठाउँमा मिसाउदा पढाएको नै बुझिदैन । यसैले सुरक्षित र बालमैत्री बिद्यालय छिटो बनोस भनेर यो कुरा उठाएका हुँ ।' उनले चित्रको व्याख्या गर्दै भनेकी थिईन ।

केही बालबालिकाले अस्थायी बासास्थानका कारण आफ्नो पढाई अवरुद्ध भएको चिन्ता व्यक्त गरेका थिए । 'घरमा अस्थायी टहरामा बस्छौ । संयुक्त परिवार भएकाले पढाइमा डिस्टर्ब हुन्छ । हामी अध्ययन गर्नै सक्दैनौं र त्यहाँ त सुरक्षा पनि छैन ।' चौतारा नगर बाल सन्जालकी सीमाना पाण्डेले बताए । बालभेलाका क्रममा १३-१८ उमेर समूहका बालिकाहरूले घरायसी काम धन्दाले पनि पढाईमा ध्यान दिन नसकेको बताएका थिए । भूकम्प गएपछि घरायसी र अन्य काम धन्दाहरूको बोझ बढेको उनीहरूको सामुहिक जवाफ थियो । तर बालक समूहका प्रतिनिधिहरूले आफूहरूले घर धन्दा गर्न नपर्ने तर बिदाका बेला गाई बस्तु हेर्नु पर्ने जानकारी गराएका थिए ।

चौताराका बालबालिकाहरू अस्थायी टहरामा भए पनि पढाई सुचारु भएको र आफ्नो पढाई अबरुद्ध नभएकोमा खुशी देखिन्थे । 'कक्षाका दैनिक कार्यतालिका अनुसार पढाई भईरहेकै छ । बिद्यालयमा गएपछि साथीसँगीहरू भेट्न पाइन्छ' उनीहरूले भनेका थिए- 'विद्यालयमा पढ्न पाउँदा हामीलाई खुशी लागेको छ किनकि हामीले साथीसँगीहरूलाई भेटेर कुराकानी र नाचगान गर्दा बिगतका डर र त्रासहरू अस्थायी रूपमा भए पनि बिर्सिन पाएका छौं । अब हाम्रो बिद्यालय चाडै बन्ने छ भन्ने आसा गरेका छौ ।'

नेपालमा २०७२ वैशाख १२ गतेका दिन ७.६ तहको भूकम्प गएको थियो र यसबाट ८,७०० भन्दा धेरै मानिसहरूको मृत्यु भएको थियो । नेपालको जनसंख्याको ४२ प्रतिशत ओगटेका बालबालिकाहरूले यस घटनाबाट अकल्पनीय मानसिक पीडा र हानी व्यहोरेका थिए । भूकम्पबाट भएको क्षति र त्यसको परिणामस्वरूप उत्पन्न आवश्यकताहरू नेपाल सरकारले गरेको विपद्पश्चात्को आवश्यकता लेखाजोखा (पिडिएनए) मा अभिलेखन गरेको छ । बाल भेलाले उठाएका यी सवालमा स्थानीय तह र सरोकारवालाहरूले बिशेष कदम चाल्नु पर्ने स्पष्ट भनाई थियो । स्थानीय तहका पदाधिकारीहरूले यी सवालप्रति गम्भीर रहेको प्रतिक्रिया दिएका थिए ।

*–साभार: बालमैत्री स्थानीय शासन मीरेष्ट लेखमाला*

# गुम्बाको अनुदान वितरणमा लापरबाही

काठमाडौं । बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिले गत माघ २७ मा बेतेनी-३, नुवाकोटको उर्गेन छ्योलिङ गुम्बालाई ८२ लाख रुपैयाँ अनुदान परेको जनाउँदै पत्राचार गरेको थियो ।

भूकम्पबाट क्षतिग्रस्त उक्त गुम्बा पुनर्निर्माणका लागि पहिलो किस्ताबापत पाँच लाख रुपैयाँ विनियोजन गरिएकोले जिल्लास्तरीय आयोजना कार्यान्वयन एकाइ (डिएलपिआइयू) र जिल्ला प्राविधिक कार्यालय (डिटिओ) मार्फत रकम लिन उक्त पत्रमा आग्रह गरिएको छ ।

समितिले थाङ्पालकोट-२, सिन्धुपाल्चोकको टाशी साङ्ग छ्योलिङ गुम्बालाई पनि सोही बेहोराको पत्र काटेको थियो । उक्त गुम्बालाई ५१ लाख रुपैयाँ अनुदान परेको र पहिलो किस्तामा तीन लाख रुपैयाँ विनियोजन गरिएको जानकारी गराइएको छ ।

यी दुईवटा त उदाहरण मात्र हुन् । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयअन्तर्गतको सो समितिले गत माघमा २५ जिल्लाका नौ सय ९३ गुम्बालाई यस्तै बेहोराको पत्र काटेको थियो । तर, अनुदान रकम तोकेर पत्र पाइसकेका ती गुम्बा तथा बिहारले उक्त पत्र अनुसारको रकम नपाउने भएका छन् । समिति, मन्त्रालय अन्तर्गतकै केन्द्रीय आयोजना एकाइ (सिएलपिआइयू) र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कमजोरीले गुम्बाको अनुदान वितरण हुन नसकेको प्रस्ट देखिन्छ । अनुदान वितरण हुन नसक्दा गत आर्थिक वर्ष यो शीर्षकमा विनियोजित ४१ करोड रुपैयाँ फ्रिज भएर गएको छ ।

यसैबीच भूकम्पप्रभावित गुम्बाका प्रतिनिधिले अनुदान नपाएको भन्दै आन्दोलन घोषणा गरेका छन् । गुम्बा विकास समितिबाट अनुदान पाउन सूचीकृत नौ सय ९३ गुम्बाले संयुक्त संघर्ष समिति बनाएर आन्दोलन घोषणा गरेका हुन् ।

संघर्ष समितिका संयोजक सानुबाबु लामाले रकम तोकेर पत्र पाइसकेको अनुदान रोकिएकाले आन्दोलनमा आउन बाध्य भएको बताए । 'गुम्बा विकास समितिको पत्रअनुसार नक्सा ड्रइङका लागि एक प्रतिशत रकम खर्च गरिसक्यौं । आवश्यक प्रक्रिया पूरा गरेर आउँदा पुनः निरीक्षण गरेर क्षति निर्धारण गर्नुपर्ने भन्दै अनुदान रकम रोक्यो,' उनले भने । जिम्मेवार निकायबाट नै दुःख दिने काम भएको भन्दै उनले नयाँ कार्यविधि आफूहरुलाई स्वीकार्य नहुने बताए । संघर्ष समितिले यसअघि पत्राचार भएबमोजिमको अनुदान रकम पाउनुपर्ने, नयाँ कार्यविधि खारेज गर्नुपर्ने, गुम्बा विकास समितिबाटै रकम पाउने व्यवस्था गर्नुपर्नेलगायत माग अघि सारेको छ ।

# विश्वका केही घटनाक्रम



## विष्णु भट्टराई

**गोर्खा समुदायमा विभाजन ल्याउने ममताको खेल**

दार्जिलिङमा भारतीय गोर्खाले गोर्खाल्यान्डको माग गर्दै सन् १९८५/८६ को जस्तै भीषण आन्दोलन गरिरहेका छन् । त्यसबेला गोर्खा लिबरेसन फ्रन्ट यो इलाकामा एक बलियो संगठन थियो । यसले करिब चार/पाँच वर्ष आन्दोलन चलायो । अहिले पनि अवस्था त्यस्तै भइरहेको छ । यसकारण कि गोर्खा समुदाय धेरै पीडित बनेको छ र उनीहरूमा चोट पुगेको छ ।

गोर्खाल्यान्ड टेरिटोरियल एडमिनिस्ट्रेसनलाई लिएर गरिएको प्रबन्धबाट गोर्खाहरू झनै धेरै रुष्ट भएका छन् । उनीहरूलाई पश्चिम बंगाल सरकारले यसलाई कामयाबी बनाउनमा हरेक बाटोमा अड्को थाप्ने गरेको लागिरहेको छ । यसलाई असफल बनाउन हरतरहका षड्यन्त्रहरू भइरहेका छन् । यसकारण उनीहरूलाई जबसम्म अलग राज्य प्राप्त हुँदैन, तबसम्म आफ्नो इलाकामा उनीहरूले चाहेको गर्न पाउँदैनन् भन्ने स्पष्ट भइसकेको छ ।

यसका केही ठूला कारण छन् । एक त ममता बनर्जी सरकारले पहाडमा गोर्खा समुदायमाथि विभिन्न प्रकारका फुट ल्याउने कोसिस गरिरहेको छ र अर्को सबैभन्दा ठूलो कुरा त यो हो कि गोर्खा समुदायमा जुन लेप्चा र भुटिया समुदाय रहेका छन्, उनीहरूलाई पनि विभाजित गर्ने कोसिस भइरहेको छ । साथसाथै गोर्खाल्यान्ड टेरिटोरियल एडमिनिस्ट्रेसनलाई प्राप्त हुने फन्डमा विभिन्न प्रकारका बाधाव्यवधान खडा गरिएको छ । यसबाट गोर्खाल्यान्ड टेरिटोरियल एडमिनिस्ट्रेसनको सत्तामा रहेको गोर्खा जनमुक्ति मोर्चा रुष्ट छ ।

गोर्खाल्यान्डलाई स्वायत्तता दिने प्रयोग पूरै असफल हुँदै गएको 'देखिन थालेको छ र अहिले जुन गढबढी भएको छ, त्यसबाट गोर्खा जनसमुदायको स्वाभिमानमा पनि ठेस पुगेको छ । त्यो भनेको ममता सरकारले दार्जिलिङसहित पश्चिम बंगालका हरेक क्षेत्रमा बंगाली भाषालाई अनिवार्य बनाउने अचानक घोषणा गर्न पुग्यो ।पछि यो आदेशलाई फिर्ता लिइयो, तर त्यतिबेलासम्म आगोमा घिउ परिसकेको थियो र आगो फैलिन थालिसकेको थियो । यही कारण पनि आज गोर्खा समुदायलाई आफूहरू एक अलग जाति र समुदाय भएको ठान्दछन् र उनीहरूले बंगालका साथ कुनै तालमेल चाँहदैनन् । तर यो पनि सत्य हो कि बंगाल र गोर्खा वर्षौंदेखि साथ रहँदै आएका छन् । लाग्छ कि यो गोर्खाहरूको बेबकुफी हो, किनकि उनीहरू कामकाज बन्द गर्न सक्छन् र रेल सेवामा अवरोध पैदा गर्न सक्छन् ।

जब बंगाली भाषाका लागि बंगालीहरूले सन् १९६०/६१ मा आसाममा आन्दोलन गरेका थिए, त्यसबेला उनीहरू रेलवे लाइनमा गएर बसेका थिए । तपाईंले रेलवे सेवा बन्द गर्न सक्नुहुन्छ, तर स्टेसनलाई ध्वस्त पार्ने, पर्यटनका आधारभूत ढाँचालाई विध्वंस गर्नु आफैंमा मुर्खता हो । सही सोच राख्ने गोर्खाहरूले यस्तो काम गर्न सक्दैनन् । गोर्खा आन्दोलनलाई जसले क्षति पुऱ्याउन चाहन्छ, उसले यस्ता हर्कत गर्न सक्छ । मान्नुहोस् कि आजै उनीहरूले गोर्खाल्यान्ड प्राप्त गरे भने पनि यी संरचनालाई निर्माण गर्नका लागि फेरि पैसा खर्च गर्नु पर्दछ । अहिलेलाई यो काल्पनिक स्थिति हो । यद्यपि अहिले भौतिक संरचनालाई नष्ट गर्नुको कुनै अर्थ छैन । यी सबै कुराहरूलाई यथावत् राखेर शान्तिपूर्ण रूपमा आन्दोलन चलाउन सकिन्छ । यदि आममानिस डराएर यी सबै हर्कतमार्फत एक आन्दोलन खडा गर्ने कोसिस गरिएको हो भने त्यो अलग कुरा हो ।

भलै गोर्खा जनमुक्ति मोर्चा र उसका नेता



विमल गुरुङ तथा रोशन गिरी भनिरहेका छन् कि उनीहरूका साथमा जनता रहेका छन् । तर जनता साथमा भएका समयमा विध्वंसात्मक आन्दोलन गर्नुपर्ने कारण छैन । किनकि 'टी, टिम्बर र टुरिजम' दार्जिलिङको अर्थतन्त्रको मुख्य स्रोत हो । यदि तपाई अलग राज्यको माग गरिरहनुभएको छ भने अलग राज्यका लागि यी सबै उद्योगमा मुनाफा कायम राख्नु कुनै पनि राज्यका लागि धेरै आवश्यक छ ।

यदि तपाईंले केन्द्रलाई यी आधारभूत सर्त पूरा गर्ने भरोसा नदिलाए केन्द्रले नयाँ राज्यको गठनको मागमा पनि कहिल्यै विचार गर्दैन । यो गोर्खाल्यान्डका वरिष्ठ नेताहरू सम्झन सक्छन्, तर युवा नेताहरू यो सम्झँदैनन् कि उनीहरूसँग आएको पैसा देख्छन् र यो स्पष्ट हुँदैनन् कि यो कहाँबाट आयो ? यही जोसमा आएर यो सबै काम भइरहेको छ र उनीहरू यसबाट बाहिर आउन जरुरी छ । कुनै ध्वंसविना पनि आफ्नो आन्दोलन जारी राख्न सकिन्छ ।

## के भइरहेको छ काश्मिरमा ?



सुरक्षा बल र चरमपन्थीबीच भइरहेको मुठभेडमा जनता सहभागी भएर सुरक्षा बलको कारबाहीमा निरन्तर व्यवधान पुऱ्याउँछन् । पछिल्लो एक वर्षयता भारत प्रशासित काश्मीरमा यो क्रम जारी छ ।

सुरक्षा बलका अनुसार जनता उनीहरूमाथि ढुंगा प्रहार गर्छन् र स्वतन्त्रताको नारा लगाउँछन् । यो क्रम ९० को दशकमा सुरु भएको आन्दोलनदेखि निरन्तर रूपमा देखिँदैआएको छ । त्यस क्रममा जनता मुठभेडवाला स्थानभन्दा टाढा नै रहने गर्दथे । तर अब जब इन्काउन्टरवाला स्थानमा जनता पुग्छन्, तब सुरक्षा बलले 'पेलेट गन' गोली या अश्रु ग्याँस छोड्नु पर्दछ । यस्तो क्रममा धेरै सर्वसाधारणको मृत्युसमेत भइसकेको छ ।

काश्मीरका एक स्थानीय खुर्सिद अहमद भन्छन्, 'हरेक आन्दोलनमा केही स्थान आउने गर्दछन् । काश्मीरको आन्दोलन जुन स्थानमा हुन्छ, त्यो स्थानका मानिसलाई चरमपन्थीसँग सम्बन्ध भएको आरोप लाग्ने गर्दछ । यही कारण कि उनीहरू मुठभेडस्थल पुग्छन् । मानिसले राजनीतिक रूपमा आफ्नो लडाइँ लड्न चाहे, तर यसबाट पनि उनीहरूको उद्देश्य पूरा भएन । अब जनता गोली खान र आफ्नो ज्यान दिन पनि तयार भएका छन् ।'

दक्षिणी काश्मीरका एक फोटो पत्रकार युनिस खालिकका अनुसार, ' जब चरमपन्थी र सुरक्षा फौजबीच भिडन्त सुरु हुन्छ, तब त्यहाँका स्थानीय जनताले सुरक्षाफौजमाथि ढुंगा बर्साउँछन्, झडप हुन्छ । काश्मीरमा चरमपन्थी भनिएकाहरूसँग जनताको सहानुभूति छ, यही कारण जनता घरबाट निस्किएर मुठभेडस्थल पुग्छन् र सुरक्षा फौजको घेरामा परेका चरमपन्थीलाई निकाल्छन् ।'

'यस्तो परिघटनाले सुरक्षा बलका लागि के चुनौती पेस गर्दछ ?' काश्मीरका प्रहरी प्रमुख मुनिर अहमद खानले भने, 'यसको कुनै शंका छैन कि जनता मुठभेडस्थलमा जम्मा हुनु हाम्रा लागि ठूलो चुनौती बनेको छ । हामी यसलाई नियन्त्रण गर्नका लागि कोसिस गरिरहेका छौं । हामी जनतासँग यस्ता मुठभेडस्थलमा नजान अपिल गर्दछु ।' पहिले पहिले दक्षिण काश्मीरमा मुठभेडस्थलका आसपासमा जनता आएर जम्मा हुने गर्दथे । तर अब पूरै काश्मीरमा नै यस्तो हुन लागेको छ । दक्षिण काश्मीरलाई चरमपन्थीको गढका रूपमा लिने गरिन्छ ।

मुनिर अहमद खान भन्छन्, ' हिजबुल मुजाहिद्दीनका कमान्डर बुरहान बानीको मृत्युपछि दक्षिण काश्मीरका केही इलाकामा युवाको झुकाव यस्तो समूहतर्फ देखिएको छ । जसमा केही भिडन्तका क्रममा मारिएका समेत छन् । त्यहाँका एक साम्प्रदायिक नेता जफर अकबर बटले यसमा आफ्नो कुनै प्रकारको भूमिका अस्वीकार गरेका छन् । उनले भने, 'यो जनता आफ्नै खुसी हो, हामी उनीहरूलाई रोक्न सक्दैनौं । जनता चरमपन्थीलाई हिरो सम्झिन्छन् ।'

बट भन्छन्, 'पछिल्ला एक-दुई वर्षदेखि काश्मीर समस्याको हलका लागि राजनीतिक कोसिस भइरहेको छैन । यस्तोमा जनताको सहानुभूति हतियारबन्द आन्दोलनतर्फ गइरहेको छ ।' वरिष्ठ पत्रकार तथा विश्लेषक हारुन रेसीका अनुसार सुरक्षा एजेन्सीविरुद्ध जनतामा हीनभावना रहेको छ । यति रुष्ट छन् कि उनीहरू अब आफ्नो ज्यानको समेत परबाह गर्न छाडिसकेका छन् । उनीहरू सुरक्षा बलको गाडीमा ढुंगा हान्न पनि पछि हट्दैनन् ।

सेनाले जो मुठभेड भएका स्थानमा गएर सुरक्षाफौजको कारबाहीलाई रोक्ने कासिस गर्दछ उनीहरू पनि यस्तै समस्यामा पर्ने समेत घोषणा गरिसकेको छ । तर यसपछि पनि जनतामा कुनै असर देखिएको छैन । पछिल्ला १८ महिनामा इन्काउन्टर स्थलमा २० जना मानिस मारिइसकेका छन्, जसमा दुई महिलासमेत रहेका छन् ।


## कोविन्द जसले सम्मान कहिल्यै लिएनन्

भारतीय जनता पार्टी नेतृत्वको एनडीएका प्रत्यासी रामनाथ कोविन्द विपक्षी उम्मेदवार मीरा कुमारलाई पराजित गर्दै भारतको १४औं राष्ट्रपतिमा निर्वाचित भए । कोविन्दले निर्वाचक मण्डलको ६५ प्रतिशत बढी मत प्राप्त गरे भने विपक्षी उम्मेदवार मीरा कुमारले करिब ३४ प्रतिशत मत प्राप्त गरिन् । राष्ट्रपति पदमा निर्वाचित हुनुअघि उनी बिहारको राज्यपाल थिए । अब उनले राष्ट्रपति प्रणव मुखर्जीको स्थान लिनेछन् ।

राष्ट्रपतिमा निर्वाचित भएलगत्तै संक्षिप्त प्रतिक्रिया दिँदै उनले भने, 'मलाई समर्थन गर्ने सबै दललाई धन्यवाद, यो मेरा लागि निकै भावुक क्षण हो । मेरो जित लोकतन्त्रको महानताको प्रतीक हो । राष्ट्रपतिका रूपमा निर्वाचित हुनु ठूलो जिम्मेवारी पनि हो । राष्ट्रपति बन्नु मेरो लक्ष्य थिएन तर ममाथि भरोसा गर्नेप्रति आभारी छु ।' उनले आफू 'सर्वे भवन्तु सुखिनः' को सिद्धान्तअनुसार चलेको समाजको हरेक वर्षका लागि काम गर्ने प्रतिबद्धतासमेत जनाएका छन् । को हुन् कोविन्द ?

रामनाथ कोविन्द त्यसबेला बिहारको राज्यपाल थिए । तर राष्ट्रपति पदको उम्मेदवारको होडमा उनको नाम धेरै चर्चामा पनि थिएन । उत्तर प्रदेशका दलित समुदायका बीजेपी नेता कोविन्द दुईपटक राज्यसभाका सदस्य भइरहेका छन् ।

सरकारी वकिलसमेत रहेका उनले सन् १९७१ मा बार काउन्सिलका लागि उम्मेदवारसमेत बनेका थिए । उनी भारतको दोस्रो दलित समुदायका नेता हुन् । यसअघि डा. केआर नारायणन दलित समुदायबाट पहिलोपटक राष्ट्रपति बनेका थिए । रामनाथ कोविन्दको जन्म १ अक्टोबर १९४५ मा उत्तर प्रदेशको कानपुरमा भएको हो । उनले कानपुर विश्वविद्यालयबाट बीकम र एलएलबीसम्मको अध्ययन गरेका छन् । गभर्नर अफ बिहारको वेबसाइटका अनुसार कोविन्दले दिल्ली हाइकोर्टमा सन् १९७७ देखि १९७९ सम्म केन्द्र सरकारको वकिलका रूपमा काम गरेका थिए । उनी सन् १९८० देखि १९९३ सम्म केन्द्र सरकारको स्थायी परिषद्मा थिए । दिल्ली हाइकोर्ट र सुप्रिम कोर्टमा उनले १६ वर्षसम्म काम गरेका थिए । सन् १९९४ मा कोविन्द उत्तर प्रदेशबाट राज्यसभाका लागि सांसद चुनिएका थिए । उनी १२ वर्षसम्म राज्यसभाको सांसद बने भने केही संसदीय समितिको सदस्यसमेत बने । जसमध्ये उनले आदिवासी, होम अफेयर, पेट्रोलियम र प्राकृतिक ग्याँस, सामाजिक न्याय, कानुन न्याय व्यवस्था एवं राज्यसभा हाउस कमिटीका अध्यक्षसमेत भए । कोविन्द गभर्नर अफ इन्डियन इन्स्टिच्युट अफ म्यानेजमेन्टका समेत सदस्य भएका थिए । सन् २००२ मा कोविन्दले संयुक्त राष्ट्र संघको महासभामा सम्बोधन गरेका थिए ।



उनले केही देशको भ्रमणसमेत गरेका छन् ।

कोविन्दको पहिचान एक दलित नेताका रूपमा महत्वपूर्ण रूपमा स्थापित छ । विद्यार्थी जीवनमा कोविन्दले अनुसूचित जाति, जनजाति र महिलाका लागि काम गरे । १२ वर्ष सांसद रहँदा उनले शिक्षासँग जोडिएका केही महत्वपूर्ण सवालहरूलाई उठाए । उनले वकिल भएका समयमा दलित र गरिब समुदायका लागि निःशुल्क कानुनी लडाइँसमेत लडे । कोविन्दको विवाह ३० मे १९७४ मा सविता कोविन्दसँग भएको थियो । उनका प्रशान्त र स्वाती नामका एक छोरा र एक छोरी रहेका छन् ।

कोविन्द पहिले राज्यसभाको सदस्यमा मनोनित भएपछि उनलाई सम्मान गर्न उनको जन्मथलो पखौरा गाउँबासीले विशेष कार्यक्रम गरेका थिए । गाउँलेहरुले एक एक रुपैयाँको सिक्का जम्मा गरेर ८१ किलो बनाएका थिए । रामनाथको तौल ८१ किलो भएकाले सोही परिणाममा गाउँलेले सिक्का जम्मा गरेका थिए । गाउँलेले ४ किलो चाँदी र एउटा सुनको मुकुट लगाइदिने योजना गरेका थिए । कार्यक्रमस्थलमा पुगेपछि रामनाथ दंग परे र सम्मान अस्वीकार गरे । तत्कालै एउटा ४ सदस्यीय समिति बनाएर संकलित रकम र सुन तथा चाँदी गाउँका गरिबका छोरीको बिहेमा खर्च गर्न अनुरोध गरेका थिए ।

*एजेन्सीहरुबाट*

# रोचक संसार

## पूर्वजन्म सम्झने बालक



हरियाणाको जिन्द इलाकास्थित जलालपुरा कलां गाउँमा ४ वर्ष पहिले ती बालकको जन्म भएको हो । उनको नाम लभिस हो । लभिस जब जब बढ्न थाले र बोल्न थाले तब उनको मुखबाट प्रायः एउटा शव्द निस्कन थाल्यो, रामरा ।

वास्तवमा रामरा एउटा गाउँ हो जु जलालपुराबाट केही टाढा पर्दछ । साथै ती बालकले आफ्नी आमाको नाम कमला भन्न थाले । जबकी उनकी वास्तविक आमाको नाम कमला थिएन ।

बालकले त्यस्तो अनौठो कुरा भन्न थालेपछि उनका परिवार लभिसलाई सात किलोमिटर टाढाको रामरा गाउँ तर्फ लागे । अचम्मको कुरा त के भने कहिल्यै रामरा गाउँ नगएको लभिसले उक्त गाउँमा जाने बाटो बताउँदै गए ।


रामरा पुगेपछि उनले आफ्नो पुर्वजन्मको घर भनी एउटा घरमा पुराए । त्यस घरमा उनी सन्दीप नामका बालक थिए अरे । उनले आफ्नो उक्त घरका आमाबुवा तथा अन्य सदस्यको नाम पनि भने । साथै उनले सबै मानिसलाई खेतको उक्त ठाउँमा लगे जहाँ ११ वर्ष पहिले करेन्ट लागेर सन्दीपको मृत्यु भएको थियो ।

वास्तवमा १४ वर्षका सन्दीपको सोही ठाउँमा ११ वर्षअघि करेन्ट लागेर मृत्यु भएको छ । लभिसले आफुले तिनै सन्दीप नामक बालकको पुनर्जन्म भएको दाबी गरेका छन् ।

यद्यपि विज्ञानले पुनर्जन्मलाई मान्दैन । तर सन्दीप र लभिसका परिवारलाई यो पुनर्जन्म नै हो भन्नेमा पूर्ण विश्वास छ । आफ्नो छोराको पुनर्जन्म पाएकोमा सन्दीपका परिवार खुसी छन् ।

## रातमा रगतको आँशु ?

रातमा रगतको आँशु चुहाउने भनेपछि कुनै भुतकथाको सम्झना आउँछ । तर



एकजना महिलाको हकमा भने यो कुनै कथा होइन, जीवनको दुखद यथार्थ बनिरहेको छ । ती महिलाले रातको दुई बजेदेखि बिहान ५ बजेसम्म रगतको आँशु चुहाउँछिन् । हवाई न्यूज नाउका अनुसार सुरुवातमा यी महिलाको हात तथा खुट्टामा रातो धब्बा आएका थिए । त्यसपछि उनका जोर्नीहरु दुख्न थाले । केही दिनपछि उनको ओठ फुटेर रगत बग्न थाल्यो । समस्या बढ्दै गयो र अन्ततः उनको आँखाबाटै रगत बग्न थालेको छ ।


अमेरिकाको हवाईमा बस्ने यी महिलाको नाम लिनी इकेदा हो । उनले झण्डै ३० जना डाक्टरलार्य उपचार गराइसकेकी छिन् तर समस्या कम भएको छैन । उनको रोगलाई गार्डनर डायमन्ड सिन्ड्रोम भनिन्छ । लिनीकी आमा रातमा उनीसँगै सुत्ने गर्छिन् । कतै उनको आँखाबाट रगतका आँशु बगेका छन् कि छैनन् भनेर बारम्बार हेर्ने गर्छिन् । परिवारले साथ दिँदा आफ्नो आत्मविश्वास बढेको उनी बताउँछिन् । आँखाबाट रगत बग्दा आफुलाई दुखाइ महसुस नहुने भएप्नि आँखा सुन्निने र केही जलन महसुस हुने लिनी बताउँछिन् ।

## एयरपोर्ट जस्तै आर्यघाट

भारतमा एउटा यस्तो आर्यघाट छ जुन एयरपोर्टकै स्वरुपमा बनाइएको छ । उक्त आर्यघाटको नाम पनि अनौठो छ अन्तिम उडान मोक्ष यात्रा । आर्यघाटको नाम सुन्दैमा सबैलाई झसंग हुन्छ । त्यहीं डरलाई हटाउने कोसिस गरेका छन् भारत गुजराँतका सोमाभाइ पटेलले । उनले आफ्नो गृहराज्य गुजराँतको बारडोलीमा अनौठो आर्यघाटको निर्माण गरेका छन् ।यो दुरुस्तै विमानस्थल जस्तो छ नाम पनि अन्तिम उडान मोक्ष यात्रा राखिएको छ । भारतमा यस्तो नाम र स्वरुपको यो एक्लो आर्यघाट हो ।

यो आर्यघाटमा हवाइ जहाजको स्वरुपका दुई विशाल मूर्ति राखिएको छ । जसको नाम हो मोक्ष एयरलाइन्स र स्वर्ग एयरलाइन्स । यो आर्यघाटको सबैभन्दा अनौठो कुरा के भने जब यहाँ अन्तिम संस्कार लागि शव पूराइन्छ तब एयरपोर्टको तर्फबाट त्यसको सूचना जारी गरिन्छ । कुन गेटबाट प्रवेश गर्ने भन्ने जानकारी दिइन्छ ।

यस आर्यघाटमा मृतकका परिवारजनलाई सान्त्वना दिन तथा ढाडस दिनका लागि समेत व्वस्था गरिएको छ । आर्यघाट प्रवेशदेखि शवलाई जलाउने ठाउँसम्म पूराउने प्रक्रिया विमानस्थलमा प्रवेश देखि उडान सम्मको प्रक्रियाकै रुपमा हुन्छ । यो आर्यघाटमा पाँच वटा चितास्थल छन् । जसमा दुईवटा विद्युतीय शवदाह र दुईवटा दाउरा शवदाह । शवदाह भैरहेको बेला समेत हवाइजहाजको जस्तै



आवाज निकालिन्छ । यो आर्यघाटमा करीब ४० गाउँका मानिसहरु अन्तिम संस्कारका लागि आउने गरेका छन् ।

## १८ तलाबाट हाम फाल्दा पनि जिउँदै

काल आएपछि घरको संघारमा ठोक्किएर पनि मानिस मर्छ रे । तर काल आएन भने घरको १८ औं तलाबाट हाम फाल्दा पनि ज्यान जाँदो रहेनछ । चीनको शानडोंग प्रान्तमा यस्तै घटना भएको छ । आत्महत्याका लागि एक गगनचुम्बी महलको १८ औं तल्लाबाट हाम फालिन् एकजना महिलाले । तर उनको मर्ने चाहना पूरा भएन । उनलाई समय छँदै बचाइयो ।

गत जुलाई १५ मा यो घटना भएको हो । लियोचेंग सहरको एक भवनको १८ औं तलाबाट हाम फाल्ने तयारी गरिरहेकी ती महिलालाई एक व्यक्तिले देखे । उनले तत्कालै पुलिसलाई खबर गरे । पुलिस क्षणभरमै घटनास्थल पुग्यो । हाम फाल्ने कोसिस गरिरहेकी महिलालाई त्यसो नगर्नका लागि झण्डै १ घण्टासम्म सम्झाउने कोसिस गर्यो पुलिसले । तर ती महिलाले मानिनन् र हाम फालिन् ।

तर उद्धारकर्मीहरुले ती महिला हाम फालेर भुइँमा नखस्दै तल भुईंमा हावा भरिएको निकै अग्लो गद्दा बिच्छ्याएका थिए । ती महिला भुइँमा बज्रिन पाइनन् र त्यहीं गद्दामा खसिन् । जसका कारण उनलाई गम्भीर चोट लाग्न पाएन । उनलाई तत्काल अस्पताल लगियो । उनको अनुहारमा केही चोटपटक लागेपनि उनी खतरा बाहिर रहेको बताइएको छ । उनले आत्महत्या गर्न खोज्नुको कारणबारे प्रहरीले अनुसन्धान गरिरहेको छ ।

## हेलमेट लगाएर काम

दुई पांग्रे सवारी साधन चलाउने वा चढ्ने र भौतिक निर्माणस्थलमा काम गर्ने मानिसहरु लगायतले टाउकोमा हेलमेट लगाउनु त स्वभाविकै हो । तर एउटा यस्तो सरकारी अफिस छ जहाँ अफिसभित्र काम गर्दा समेत हरेक कर्मचारीले हेलमेट लगाउँछन् ।

भारतको बिहार राज्यमा पर्ने पश्चिमी चम्पारणस्थित अरेराज प्रखण्डको भूमि तथ्यांक कार्यालयका कर्मचारीहरु दिनहुँ अफिस आउँदा हेलमेट लगाएर आउँछन्



र हेलमेट लगाएरै दिनभरी काम गर्दछन् ।

कर्मचारीहरुले अफिसभित्र समेत हेलमेट लगाएर काम गर्नुको कारण रोचक छ । उनीहरु हेलमेट प्रेमी भएर त्यसो गरेका होइनन् आफ्नो ज्यान जोगाउन त्यसो गरेका रहेछन् ।

कर्मचारीहरुका अनुसार त्यहाँ जुनबेला जेपनि हुन सक्छ । कार्यालयको भवन जीर्ण छ । कतिबेला ढल्ने हो भन्ने खालको छ अफिसको भवन । भित्ताहरु छर्किएका छन् भने वर्षातमा छानोबाट पानी चुहेर कोठाभित्र काम गर्नै गाह्रो छ । तरपनि आखिर सरकारी नुन खाएपछि काम त गर्नैपर्यो । त्यसैले कर्मचारीहरु ज्यान हत्केलामा राखेर भएपनि काम गरिरहेका छन् । अकस्मात छत वा भित्ताका ढुंगाहरु खसेर टाउकोमा चोट नलागोस् भनेर उनीहरुले सधैं हेलमेट लगाएर काम गर्दछन् । तर विचराहरु यदि घर नै भत्कियो भने त ऐया भन्न पनि नपाउनेवाला रहेछन् ।

कर्मचारी मात्र कहाँ हो र ? उक्त कार्यालयमा काम लिएर जाने सेवाग्राहीहरु पनि हेलमेट लगाएरै जान्छन् । आर्थिक रुपमा विश्वको महाशक्ति हुँ भन्ने भारतको एउटा सरकारी अफिसको यो दर्दनाक कथाले सायद त्यो महाशक्तिलाई गिज्याइरहेको छ ।

*एजेन्सीहरुबाट*

प्रेरक

## क्रुर शासक



चिनियाँ धार्मिक गुरु कन्फ्युसियस आफ्ना केही चेलाहरुका साथ पहाडी मार्गको यात्रा गरिरहेका थिए । यात्राका क्रममा कन्फ्युसियस एक्कासी रोकिए । गुरु अचानक रोकिएको देखेपछि एक शिष्यले सोधे- गुरु के भयो ? किन रोकिनु भयो ? कन्फ्युसियसले जवाफ दिए यतै कतै एक महिला रोइरहेको आवाज आइरहेको छ । नभन्दै अलिपर एकजना महिला एक्लै रोइरहेकी थिइन् । कन्फ्युसियसले ती महिलाको नजिकै गएर सोधे- यस्तो अनकन्टार एकान्त स्थानमा तिमी किन एक्लै रोइरहेकी छौ । ती महिलाले रुँदै भनिन्- मेरी एकमात्र छोरीलाई अघि भर्खर चितुवाले खायो । कन्फ्युसियसले सोधे- तिम्रा अरु परिवार कहाँ छन् त ? ती महिलाले जवाफ दिइन्- पोहोर साल मेरो छोरा र लोग्नेलाई पनि चितुवाले आफ्नो सिकार बनायो । अब यो दुनियाँमा मेरो कोही छैन । महिलालाई कन्फ्युसियसले फेरि भने- यस्तो चितुवा लाग्ने ठाउँमा तिमी एक्लै किन बसेकी त ? चितुवाले खान्छ भन्ने डर छैन ? जाउ गाउँमा गएर बस । आँसु झार्दै महिलाले भनिन्- अहँ, गाउँ जान्न । त्यहाँ क्रुर शासकले राज गरेको छ । त्यसको अन्त्य कसले र कहिले गर्छ थाहा छैन । तर त्यो हिंस्रक चितुवाको अन्त्य मानिसहरुले चाँडै गर्ने छन् भन्ने विश्वास छ । महिलाको कुरा सुनिसकेपछि शिष्यतिर हेर्दै कन्फ्युसियसले भने- बुझ्यौ, चितुवाभन्दा क्रुर शासक धेरै खतरनाक हुन्छ । क्रुर शासकलाई धेरै जनता मिलेर सत्ताच्युत नगरेसम्म आम मानिसले अमनचैन पाउने छैन । निरंकुश शासकबाट जनताले मुक्ति पाउन क्रुर शासकको अन्त्य जरुरी छ ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

स्वास्थ्यमा कमजोरी अनुभूति हुनेछ भने चिताएको काममा विलम्ब हुन सक्छ । समयको तालमेल नमिल्दा योजना अधुरै रहनेछ । आफ्ना विषयवस्तुमा अरूले दाबी गर्न सक्छन् । बौद्धिक व्यक्तित्वहरूसँग प्रतिस्पर्धा गर्नुपर्ने स्थिति आउन सक्छ । नतिजा कमजोर हुनाले काम दोहोर्याउनुपर्ला । नयाँ योजना कार्यान्वयनमा ल्याउन समय पर्खनुहोला ।

### बृष

मान्यजनसँग असमझदारी बढ्नेछ भने हठ गर्ने बानीले पनि समस्या निम्त्याउन सक्छ । आसलाग्दो काम बिग्रनाले मन खिन्न हुनेछ । बेलैमा सजग नबन्दा व्यवहारमा दुःख पाइनेछ । अरूको सुझावमा भर नपर्नुहोला । महत्वाकांक्षी योजना पनि तत्काल सार्वजनिक नगर्नुहोला । परिवारजनको सहयोग लिँदा राम्रो हुनेछ । मेहनत गर्दा पछिलाई फाइदा हुनेछ ।

### मिथुन

मेहनत परे पनि गरिएका कर्मको उचित प्रतिफल पाइनेछ । विभिन्न उपहार प्राप्त हुने समय छ । केही सहयोगीहरू टाढिन सक्छन् । तापनि प्रतिद्वन्द्वीलाई हराउन सकिनेछ । रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ । उद्योग र व्यापारमा फाइदा हुनेछ । कृषिमा कामको चाप बढ्न सक्छ । चौपायामा केही समस्या देखिए पनि अर्थ उपार्जन हुनेछ ।

### कर्कट

मेहनतले सम्मानित स्थान दिलाउनेछ । पहिलेका कमजोरीलाई सुधार्ने मौका पाइनेछ । बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलालाई निखार्ने अवसर प्राप्त हुनेछ । सानो प्रयत्नले ठूलो अवसर दिलाउन सक्छ । अध्ययनमा प्रगति हुनेछ भने चिताएको काम समेत बन्नेछ । आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ ।

### सिंह

सुन्दर पहिरनले व्यक्तित्व निखार्नुका साथै अरूलाई प्रभाव पार्न सकिनेछ । पहिलेको सफलताले हौसला जगाउनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द पाइएला । बिछोडिएका आफन्तसँग भेटघाट हुनेछ । पहिलेका कमजोरीलाई सुधार गर्ने मौका छ । मनग्गे धन आर्जन हुनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरू प्रशस्तै भेटिनेछन् ।

### कन्या

आँटेको काममा अवरोध आउनुका साथै खर्च समेत बढ्न सक्छ । व्यवसायमा लगानी बढाउनुपर्ने समय छ । आफ्नै कमजोरीले विवादमा परिएला । प्रतिस्पर्धामा पनि केही कमजोर साबित भइएला । आफन्तबाट टाढिनुपर्ने परिस्थिति आउन सक्छ । काममा स्थानान्तरण अथवा टाढाको यात्रा हुने सम्भावना छ । वैदेशिक क्षेत्रबाट भने सामान्य लाभ उठाउन सकिनेछ ।

### तुला

मेहनतले आम्दानी बढाउनेछ । आयस्रोत बढ्नेछन् भने उठ्नुपर्ने रकम हातलागी हुने समय छ । कृषि, पशुपालन तथा व्यापारमा मनग्य लाभ हुनेछ । दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ । अध्ययनमा राम्रै प्रगति हुनेछ । नयाँ ज्ञान सिक्ने समय छ । सञ्चित धनको उपयोगबाट विशेष फाइदा हुनेछ । श्रमको उचित मूल्यांकन होला । दिन उत्साहवर्द्धक रहनेछ ।

### बृश्चिक

प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ । विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ । अरूलाई प्रभावित पारेर काम बनाउने समय छ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्ने योग छ । व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ ।

### धनु

अवसर आए पनि नयाँ काममा हात हाल्नुअघि राम्ररी विचार पुर्याउनुहोला । बाध्यतामा अलमलिनुपर्दा मन खिन्न रहनेछ । श्रमपूर्वक समर्पित हुँदा पनि कामको मूल्य नपाइने परिस्थिति देखिन्छ । विविध चुनौती आइलाग्न सक्छन् । अवसरवादीहरूले फसाउन सक्छन् । तापनि, उपलब्धिको स्रोत पहिल्याउन सकिनेछ । काम सम्पादन नभए पनि योजना बन्नेछ ।

### मकर

काममा केही चुनौती देखिए पनि प्रयत्न गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । सहयोगीहरूले अप्ठ्यारो समयमा साथ दिनाले चुनौतीहरूलाई पार लगाउन सकिनेछ । गोप्य रहस्य पत्ता लाग्नेछन् भने नसोचेको धन लाभ हुन सक्छ । तापनि, सानातिना समस्याले केही अप्ठ्यारो परिस्थिति सिर्जना हुने देखिन्छ । स्वास्थ्यमा पनि अलि कमजोरी अनुभूति हुन सक्छ ।


### कुम्भ

परिवारजनको साथले उत्साहित भइनेछ । प्रेम वा मित्रताको बन्धन कसिने समय छ । भौतिक साधन जुट्नेछ भने आम्दानी बढाउने काम प्रारम्भ गर्न सकिनेछ । आयआर्जन राम्रै हुनेछ । कामबाट फुर्सदिलो भइनेछ भने अतिथिका रूपमा सत्कार समेत पाइने सम्भावना छ । व्यापार–व्यवसायमा लाभ हुनेछ । व्यावसाय विस्तारका लागि यात्रा गर्ने अवसर जुट्नेछ ।

### मीन

प्रतीक्षित नतिजाले उत्साह बढाउनेछ । प्रतिस्पर्धीहरूले हार खानेछन् भने सहयोगीहरूले राम्रो साथ दिनेछन् । रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ । थोरै लाभ भए पनि ठूलो आवश्यकता पूरा हुनेछ । व्यापारलगायत आर्थिक लाभ हुने कामप्रारम्भ हुन सक्छ । ईर्ष्या गर्नेहरूले काममा अवरोध पुर्याउन सक्छन् ।

## 'ग्याङस्टार ब्लूज' को अफिसियल पोष्टर रिलिज




टिजर, ट्रेलर र एउटा गीत सार्वजनिक भएपछि चलचित्र 'ग्याङस्टार ब्लूज'को अफिसियल पोष्टर पनि रिलिज गरिएको छ । भदौ २ गतेबाट रिलिज हुने यो चलचित्रको अफिसियल पोष्टरमा मुख्य कलाकारद्धय नायक आशिरमान देशराज जोशी र नायिका आना शर्मालाई प्रस्तुत गरिएको छ । यसको निर्माणपक्ष, आशिरमान र आनाको केमेष्ट्रीमा बढी भर परेको देखिएको छ । सरोज न्यौपानेको निर्माणमा तयार भएको यो फिल्मलाई हेमराज वीसीले निर्देशन गरेका हुन् । चलचित्रको फस्टलुक ग्याङस्टार शैलीमा बनाइएको छ । चलचित्रमा आशिरमान र आनाका अलवा रोजिशा शाही, संयम पुरी, प्रमोद अग्रहरि लगायतका कलाकारको मुख्य भूमिका छ । चलचित्रको एक्सन, रोमान्स र कथावस्तुलाई दर्शकले मन पराउने निर्माता न्यौपानेले बताए ।

## फक्रंदै नेपाली चलचित्र

नेपाली चलचित्र पछिल्लो केही बर्षयता फक्रँदै छ । चलचित्र क्षेत्रमा पढेलेखेका नायक-नायिकाको आगमन भैरहेको छ । चलचित्र निर्माणमा निर्मातादेखि सम्पूर्ण चलचित्रकर्मीले निकै मिहिनेत पनि गरिरहेका छन् । हलमा दर्शकहरुको संख्या पनि बढिरहेको छ । धेरै नेपाली चलचित्रले त बलिउड चलचित्रलाई नै विस्थापित गरेका छन् । यसैले, पनि चलचित्र क्षेत्रमा सुखद पलहरुको सुरुवात भैरहेको छ ।

तर, यस्तो अवस्थामा पछिल्लो एक महिनामा देखिएका काण्डै काण्डहरुले फेरि चलचित्र क्षेत्रको अवस्था कमजोर बनाइरहेको छ । अश्लिल भिडियो काण्डदेखि मोडलको नांगो तस्बिर सार्वजनिक हुँदै कास्टिङ काउचको कुराले चलचित्र क्षेत्रलाई बदनाम बनाउँदै लगेको छ । यसले फेरि एकपटक चलचित्र क्षेत्र भनेपछि मानिसहरुले नाक खुम्च्याउनुपर्ने अवस्था सिर्जित हुँदैछ ।

त्यसमाथि, एउटा जिम्मेवार र सिंगो देशले नै सम्मान गरेकी नायिका तथा निर्मात्रीले फेसबुकमा प्रस्तुत गरेका शब्दले आम दर्शकलाई झसंग बनाइदिएको छ । असन्तुष्टी व्यक्त गर्ने ठाउँ प्रशस्त हुनसक्छन् । समाचारमा चित्त नवुझेको खण्डमा विभिन्न निकायमा उजुरी गर्न पनि सकिन्छ । तर, सुस्मिताले आम मानिसले हेर्ने सामाजिक संजालमै यस्तो भाषा प्रयोग गर्दै पत्रकारलाई तुच्छ गाली गरिरहेकी थिइन् । उनै, केसीले आज फोन सम्पर्कमै तुच्छ भाषा प्रयोग गरेकी छिन् ।

चलचित्र क्षेत्रलाई बदनाम गर्ने अधिकार कसैलाइ पनि छैन । आफूलाई चलचित्रकर्मी भन्दै राज्यबाट सम्मान खोज्ने चलचित्रकर्मीले यो क्षेत्रमा आफूले गर्ने सानो भूलले पनि ठूलो असर पुग्छ भन्ने कुरालाई सोच्ने कि नसोच्ने ?

यो बिषयमा विभिन्न संघसंस्थाहरुले पनि सोच्नुपर्ने बेला आइसकेको छ । हरेक बर्ष पिकनिकको आयोजना गर्ने कलाकार संघले अब कलाकारका लागि सचेतना कार्यक्रमको आयोजना गर्ने किन नगर्ने ? चलचित्र निर्माता संघदेखि अन्य संघ संस्थाले आ(आफ्ना सदस्यहरुलाई राखेर यस्तो बिषयमा बहस चलाउने कि नचलाउने ?

## 'धुम २' को ट्रेलर



कलाकार जयकिशन बस्नेतको लेखन, नृत्य, निर्माण र निर्देशनमा बनेको चलचित्र 'धुम २'को ट्रेलर सार्वजनिक भएको छ । काठमाण्डौमा आयोजना गरिएको कार्यक्रममा मनोरञ्जनको शत प्रतिशत ग्यारेन्टी भन्ने नारा दिदै चलचित्रको ट्रेलर रिलिज गरिएको हो ।

कार्यक्रममा जयकिशनले भने(‘हामीले चलचित्रको नारा नै मनोरञ्जनको शत प्रतिशत ग्यारेन्टी राखेका छौं । त्यसकारण पनि चलचित्र दर्शकका लागि रुचीकर हुनेछ, । नारी प्रधान कथामा तयार भएकाले पनि दर्शकले मन पराउने उनको विश्वास थियो ।

यो चलचित्रबाट अभिनयमा डेब्यु गरेकी नव(कलाकार सिर्जना भट्टराईले आफूले छुच्ची चरित्रमा अभिनय गरेको बताइन् । ट्रन्डी फिल्मस्को व्यानरमा जाहन्वी बस्नेत र ब्रबिम बस्नेत प्रस्तुतकर्ता रहेको चलचित्रमा जयकिशन बस्नेत, सिर्जना भट्टराई, रोहित रुम्बा, महिमा सिलवाल, सञ्जोग राणा, शोभित बस्नेत, उत्तम केसी, बसन्त तामाङ 'बादल'लगायतका कलाकारको अभिनय छ । तीज पर्वलाई लक्षित गर्दै यो चलचित्र भदौ ८ गतेबाट रिलिज हुनेछ ।

## शुशीललाई धक्का



फिल्म 'होस्टेल रिर्टन्स'का सिक्स प्याक हिरो हुन् शुशील श्रेष्ठ । डेब्यू फिल्म नै हिट भएपछि शुशीललाई लागेको थियो अब भाग्य नै चम्कियो । 'होस्टेल रिर्टन्स'बाट सबैको नजरमा परेका शुशीलको डिमान्ड पनि ह्वात्तै बढ्यो । 'होस्टेल रिर्टन्स'बाटै उनले आफ्नो बलियो क्रेज पनि बनाए ।

'होस्टेल रिर्टन्स'पछि उनले दोस्रो फिल्म साइन गरे 'कारखाना' । वर्षा सिवाकोटी र शुशीलको यो फिल्ममा मुख्य भूमिका थियो । यो फिल्म गएको असार १६ गते प्रदर्शनमा आयो । 'कारखाना' हिट हुनेमा शुशील विश्वस्त नहुने त शंकै थिएन तर उनले सोचे जस्तो रिजल्ट आएन । 'कारखाना'लाई दर्शक अभाव भयो । 'कारखाना' असफल भएपछि शुशीलको सबैभन्दा ठूलो आश थियो 'सायद २' माथि ।

*(अनलाइनहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Lofty = चुलिएको Lofty mountains are the beauties of our landscape (चुलिएका पहाडहरू नेपाली धरातलका सौन्दर्यहरू हुन् )

Motley= बहुरंगी In former times, jesters in West used to wear motley coat (पहिले पहिले पश्चिमी देशहरूमा हास्यब्यंग्य गर्नेहरूले बहुरंगी कोट लगाउँथे)

Neologism = नयाँ बनाएको शब्द The development in the field of technology has invented also neologisms (प्रविधिमा भएको विकासले नयाँ शब्दहरूको पनि आविष्कार गरेको छ)

Orgy = उन्माद, अनियन्त्रित किसिम वा प्रवृत्ति As she found her big amount of lost money she indulged in an orgy of shopping (हराएको ठूलो धनराशि प्राप्त भएकोमा तिनले अनियन्त्रित किसिमले किनमेल गर्नमा आफूलाई लगाइन ।

Propensity = सिधा स्वभाव Convinced of her own talent, she developed in her an unfortunate propensity to belittle others' talent (आफ्नो क्षमताप्रति कुनै भ्रम नभएकोले अरूको क्षमतालाई कम आँक्ने एक दुर्भाग्यपूर्ण सिधा स्वभावको उनमा विकास भयो)

Putrid = दुगर्न्धपूर्ण No sooner than did the scavenger uncover the organic waste dumped beside the street, a putrid smell environed (खातेहरूले फोहोरको थुप्रो के खोतलेका थिए, दुर्गन्ध जताततै फैलियो ।

Rococo = अति नै कलापूर्ण Medieval time was characterized by rococo style of furniture (मध्यकालिन समयको विशेषता भन्नु नै कलापूर्ण फर्निचरहरू थिए)

Susceptible = सजिलै प्रभावित हुने, ग्रसित हुने Human beings having weak immune system can be susceptible to any disease (कमजोर प्रतिरक्षा प्रणाली भएका मानिसहरू सजिलै कुनै पनि रोगबाट ग्रसित हुन सक्तछन)

Trifling = बेमतलवको, साधारण For such a trifling cold, no one should bother about taking medicine (यस्तो साधारण रुघाको लागि कसैले पनि औषधि खाने कि नखाने भन्ने चिन्ता गर्नु बेकार छ)

Unison = सुर मिलेको, एकै स्वरको, The choir sang in unison hypnotized all the spectators (एकै स्वरको समूह गानले सबैलाई मन्त्रमुग्ध बनाइदियो)

## सामान्य ज्ञान प्रश्नोत्तरहरू

विश्वको सबभन्दा ठूलो दरबार कुन देशमा छ र त्यसको नाम के हो ?
- इङ्ल्यान्ड, विन्डसर कस्टल (१४ एकड जमिन, ७००० कोठा)

विश्वको सबभन्दा ठूलो मनोरञ्जनको रंगशाला कहाँ छ र त्यसको नाम के हो ?
- फ्लोरोरिडामा, वाल्ट डिस्नी वर्ल्ड

विश्वको सबभन्दा ठूलो समुद्रको नाम के हो ?
- साउथ चाइना सी

३०५ मिटर लामो बुद्धको मूर्ति कुन देशमा छ ?
- अफगानिस्तान

विश्वको सबभन्दा ठूलो घडी कहाँ छ र त्यसको नाम के हो ?
- लण्डन, विगवेन

पाकिस्तानको राष्ट्रपिता भनेर कसलाई भनिन्छ ?
- मोहम्मद अलि जिन्ना

नेपालको सबभन्दा गहिरो नदी कुन हो ?
- नारायणी

भारतको बनारसमा 'नेपाल मन्दिर' बनाउने व्यक्ति को हुन् ?
- रानी ललितत्रिपुरा सुन्दरी

'विजय उसैलाई प्राप्त हुन्छ जो विजय हुने साहस राख्छ' कसको भनाइ हो ?
- पं. जवाहरलाल नेहरू

स्वर्गतिर उड्न सक्ने पखेटा कुन हो र त्यो भनाइ कसको हो ?
- ज्ञान, शेक्सपियर

क्षेत्रफलको आधारमा विश्वको तेस्रो ठूलो देश कुन हो ?
- चीन

नेपालमा 'कला बहादुर' नामक पदवी पाउने प्रथम व्यक्ति को हुन् ?
- माथवर सिंह थापा

नेपालको कति जिल्लाले चीनलाई छोएको छ ?
- १४ जिल्ला

विश्वको प्रथम अन्तरिक्ष यात्री को थिए ?
- युरी गागरिन

## फरक थाहा पाई राख्नुहोस्

Somewhat = झनै Working here is somewhat difficult यहाँ काम गर्नु त झनै गाह्रो छ ।

Somebody/Someone = कोही न कोही There should be someone in the house घरमा कोही न कोही हुनै पर्दछ ।

Someway, somehow = जसरी भए पनि She will get the salary somehow by tomorrow evening भोलि साँझसम्ममा तिनले जसरी भए पनि तलब पाउनेछिन् ।

Sort = किसिम जात What sort of snake is that त्यो कुन जातको सर्प हो ?

Sorts = यस्ता Those sorts of examination are difficult यस्ता जाँचहरू गाह्रा हुन्छन् ।

Specie = सिक्का The payment must be in note not in specie भुक्तानी नोटमा हुनुपर्दछ सिक्कामा होइन ।

Species = जात What species of Monkeys they are ती कुन जातका बाँदरहरू हुन् ?

Spicy = मसलादार Do you like spicy food तिमी मसलादार खाना मनपराउँछौ ?

Spiritual = आध्यात्मिक Although he is materialistic, he has big respect for spiritual saint ऊ आफू भौतिकवादी भए तापनि आध्यात्मिक गुरुहरूको उसले ठूलो आदर गर्दछ ।

Spirituous = झुम्म लाग्ने Whiskey is a spirituous beverage व्हिस्की झुम्म लाग्ने पेय पदार्थ हो ।

## सुडोकु-अंक ६३

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | | | | |
| ६ | | | २ | | ८ | | | ४ |
| | ९ | १ | ६ | | ४ | २ | ५ | |
| ९ | | ५ | | | | १ | | २ |
| | | | | २ | | | | |
| ४ | | ७ | | | | ६ | | ५ |
| | ६ | ४ | १ | | ५ | ८ | ७ | |
| ३ | | | ४ | | २ | | | ९ |
| | | | | ६ | | | | |

## अंक ६२ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | १ | ३ | ८ | ६ | २ | ७ | ५ | ९ |
| ६ | ७ | ९ | ३ | १ | ५ | ८ | २ | ४ |
| २ | ५ | ८ | ७ | ९ | ४ | १ | ६ | ३ |
| ८ | ९ | २ | १ | ५ | ३ | ६ | ४ | ७ |
| १ | ४ | ७ | २ | ८ | ६ | ९ | ३ | ५ |
| ५ | ३ | ६ | ९ | ४ | ७ | २ | ८ | १ |
| ३ | ६ | १ | ५ | २ | ९ | ४ | ७ | ८ |
| ७ | ८ | ४ | ६ | ३ | १ | ५ | ९ | २ |
| ९ | २ | ५ | ४ | ७ | ८ | ३ | १ | ६ |

# बाल विकास समाज सचेतना कार्यक्रममा



प्रमाणपत्र वितरण गर्दै वरिष्ठ प्रशासन तथा वित्तीय व्यवस्थापक



२ खाजा खाँदै केन्द्रका बालबालिकाहरू



बालबालिकालाई खाजा खुवाउँदै संस्थाका सहजकर्ता



सामुहिक तस्विरमा बालबालिकाहरू



कार्यक्रममा बोल्दै जिल्ला समन्वय समिति काठमाडौंका वरिष्ठ सामाजिक विकास अधिकृत दिपककुमार केसी



कार्यक्रममा बोल्दै ललितपुर महानगरपालिकाका समाज कल्याण परिषदका वरिष्ठ अधिकृत प्रेम बा. थापा



अन्तरक्रिया कार्यक्रमका सहभागीहरू

**ईंटाभटा प्रभावित अभिभावकहरूमा जनचेतना**

बाल विकास समाज र सेभ द चिल्ड्रेनको साझेदारीमा संचालित "नेपालमा रहेका ईट्टाभट्टामा कार्यरत बालबालिकाहरुको संरक्षण" परियोजना अर्न्तगत काभ्रे जिल्लाको नमोबुद्ध नगरपालिकामा रहेका ईटाभटा प्रभावित अभिभावकहरुमा जनचेतना जगाउन पाँचखाल नपा ५ भमरकोटमा रहेको श्री गणेश बाल क्लबका सदस्यहरुले सडक नाटक मार्फत बालश्रम, बालदुर्व्यवहार,र बाल विवाहको बारेमा सन्देश दिन खोजिएको थियो । सडक नाटक नमोबुद्ध नगरपालिका वडा नं.३ भकुण्डे बजारमा प्रर्दशन गरिएको थियो । करिब महिला पुरुष गरी १२५ जना र बालबालिका ५० जनाको उपस्थिती रहेको थियो । नाटकले बालबालिका माथि दुर्व्यवहार गर्न नहुने, साना बालबालिकाहरुलाई होटलमा काम गर्न लगाउनु कानुनी अपराध हो, र बाल विवाह जघन्य अपराध हो भन्ने कुराको सन्देश दिन खोजिएको थियो । यस्ता खालका सडक नाटक प्रत्येक गाउँ र बजारमा पनि प्रर्दशन गरेमा धेरै अन्धविश्वासमा रहेका अभिभावकहरुको आखामा लागेको बादल हट्ने थियो । नाटकमा ११ जना बालबालिकाहरुले सहभागिता जनाउनुभएको थियो । कार्यक्रम बाल विकास समाजले आयोजना गरेको र सेभ द चिल्ड्रेनले आर्थिक सहयोग रहेको थियो । नाटक करिब २० मिनेटको थियो । बाल विकास समाजले यस्ता खालका नाटक बेला बेलामा प्रर्दशन गर्दै आइरहेको छ । यो जनचेतनामुलक सडक नाटक भकुण्डेमा २ पटक दोहोरयाइएको थियो । दर्शकहरुको आग्रहमा नाटक २ पटक प्रर्दशन गरिएको थियो ।

बाल विकास समाज र सेभ द चिल्ड्रेनको साझेदारीमा संचालित परियोजना अर्न्तगत काभ्रे जिल्लाका बनेपामा रहेको होटल उग्रचण्डीमा नवनिर्वाचित जनप्रतिनिधीहरुलाई बधाई तथा बाल अधिकार र बाल संरक्षण सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न गरियो । यो कार्यक्रममा बाल अधिकारकर्मी विष्णु खत्री सरले सहजीकरण गर्नु भएको थियो । पाँचखाल नगरपालिकाबाट ४ वटा वडा १,२,५ र ९ वडाका वडा अध्यक्षसहित पुरा ५ जनाको टिमको उपस्थिती रहेको थियो । त्यसैगरि नमोबुद्ध नगरपालिकाबाट वडा नं. ४ मेथिनकोटका वडा अध्यक्ष सहितको ५ जनाको सहभागि रहेको थियो । त्यसै गरि रोशी गाउँपालिका बाट उप प्रमुख सहित वडा नं ३ र ४ बाट वडा अध्यक्ष सहितको सहभागिता रहेको थियो । कार्यक्रमको बारेमा बाल विकास समाजका कार्यक्रम निर्देशक किरण थापाले जानकारी गराउनुभयो । कार्यक्रम संचालन कार्यक्रम व्यवस्थापक प्रयशा केसीले गर्नुभएको थियो । कार्यक्रममा विशेष अतिथीको रुपमा रोशी गाउँपालिकाका उपप्रमुख लक्ष्मी कुमारी उप्रेती बर्तौलाले सहभागिता जनाउनु भएको थियो । अन्य सहभागिहरु अतिथीको रुपमा सहभागि हुनुभएको थियो । सबै नवनिर्वाचित जनप्रतिनिधीहरुलाइ बाल विकास समाजका कार्यक्रम निर्देशक किरण थापाले खादा लगाइ सम्मान गर्नुभएको थियो । कार्यक्रममा सहभागिहरुलाई बाल अधिकार,बाल संरक्षण,बालश्रम,बालमैत्री स्थानीय स्वायत शासनको बारेमा , र योजना बनाउदा बालबालिकासम्बन्धि के के बनाउन सकिन्छ भन्ने कुरा पनि जानकारी गराइएको थियो । कार्यक्रममा सबै सहभागिहरुलाई बालबालिकाहरुको अपेक्षा पढेर सुनाइ ज्ञापन पत्र पनि बुझाइयो । ज्ञापनपत्र संस्थाका बोर्डका कोषाध्यक्ष सुरेन्द्र ढकालले उपप्रमुख र वडा अध्यक्षहरुलाई बुझाउनुभयो । कार्यक्रममा जिल्ला बालकल्याण समितीका तर्फबाट सरोज नेपालले पनि आफना विचार राख्नुभएको थियो । जिल्ला बाल क्लब सन्जालका अध्यक्ष रन्जन पौडेलले पनि बालमैत्रीको बारेमा जानकारी गराउनुभएको थियो । कार्यक्रममा सेभ द चिल्ड्रेनका तर्फबाट सिनियर कार्यक्रम संयोजक निलम धनुषेको पनि सहभागिता रहेको थियो । कार्यक्रममा सहयोग बाल विकास समाजका अनुगमन अधिकृत सिरी सत्यालले गर्नुभएको थियो । कार्यक्रमको सम्पुर्ण जिम्मेवारी कार्यक्रम सुपरिवेक्षक दिपेन्द्र पराजुलीले निर्वाह गर्नुभएको थियो । यसै हप्ता पाँचखालका अभिभावकहरुमा चेतना जगाउन सकारात्मक अभिभावक भेला पनि आयोजना गरिएको थियो । कार्यक्रममा अभिभावकहरुलाई आफनो जिम्मेवारीको बारेमा , शिक्षाको महत्व , बसाइ सराइको बारेमा पनि जानकारी गराइएको थियो । यसै साता पाँचखाल नगरपालिकाको वडा नं.५ का बालबालिकाहरुलाई स्वास्थ्य चौकीका अहेबलाई ल्याएर स्वास्थ्य र सरसफाइको बारेमा पनि जानकारी गराइनुका साथै उनीहरुलाई रोगहरुको बारेमा , खोपको बारेमा पनि जानकारी गराइएको थियो । अन्तमा करीव ६१ जना बालबालिकाहरुले अभिमुखिकरण र हात धुने विधिको बारेमा सिक्ने मौका पाएका थिए । बालबालिकाहरुले अवका दिनमा शौचालय गएर आएपछि , खाना खानुअघि र फोहोर कुरा चलाएपछि अनिवार्य रुपमा नियमित हात धुने मौखिक प्रतिबद्धता जाहेर गरिएको थियो ।

**शहरी विपन्न वर्गका बालबालिकाहरूको बारेमा अन्तरक्रिया**

बाल विकास समाज र सेभ द चिल्ड्रेनको संयुक्त प्रयासमा सञ्चालित शहरी क्षेत्रमा बसोबास गर्ने बालबालिकाहरुका लागि परियोजना अन्तर्गत संस्थाले विभिन्न बालबालिकामुखी कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । यसैगरी विभिन्न सरकारी तथा गैर सरकारी निकाय राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरुलाई सहभागी गराइ शहरी क्षेत्रमा बसोबास गर्ने विपन्न वर्गका बालबालिकाहरुको अवस्थाको बारेमा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो प्रभावकारी हुने भएको हुँदा यो अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको कुरा उल्लेख गर्नु भएको थियो । सोही क्रममा उहाँले बालबालिकाहरुका क्षेत्रमा काम गर्ने संस्थाहरुको एक साझा समुह बनाइ शहरी गरिब बालबालिकाहरुका लागि काम गर्न सकियो भने । कार्यक्रममा बाल विकास समाजका अध्यक्ष सुवास गौतमले संस्था तथा कार्यक्रमको बारेमा प्रष्ट पार्नु भएको थियो ।

त्यसैगरी संस्थाका तत्कालिन अध्यक्ष तथा शहरी विकास मन्त्रालयका पूर्व सचिव किशोर थापाले छोटो मन्तव्य राख्दै बालबालिकाहरुका लागि अधिकार भन्दा पनि अव बन्ने हरेक संरचनाहरु बालमैत्री हुनुपर्ने कुरामा जोड दिनु भएको थियो । हामीले जति नै अधिकारका कुरा गरे पनि उनीहरुले प्रयोग गर्ने संरचना बालमैत्री नभएको अवस्थामा अधिकारको सार्थकता नरहने कुरा पनि उहाले उल्लेख गर्नु भएको थियो । बालबालिकाको क्षेत्रमा लामो अनुभव नभए तापनि अव बन्ने संरचना बालमैत्री बनाउन सबै क्षेत्रबाट पहल गर्ने हो भने बालअधिकार प्रत्याभुत भएको हुने कुरा समेत उहाँले बताउनु भएको थियो । यसैगरी अन्तरक्रिया कार्यक्रममा विभिन्न संघ संस्थाबाट आउनु भएका प्रतिनिधिहरुले हामी सबै एक जुट भएर एउटा साझा थलो बनाउन सकियो भने शहरी क्षेत्रमा बस्ने विपन्न वर्गका बालालिकाहरुको समस्या समाधान गर्न सकिने कुरा बताएका थिए । कार्यक्रममा ललितपुर महानगरपालिकाका वरिष्ठ अधिकृत प्रेम बहादुर थापाले बाल विकास समाजले महानगरपालिकासँग समन्वय गरेर काम गरेको कुरा उल्लेख गर्दै आगामी दिनमा पनि यस संस्थासँग सहकार्य गरी काम गर्न तयार भएको कुरा उल्लेख गर्नु भएको थियो । यसरी कार्यक्रममा जिल्ला समन्वय समितिका सामाजिक शाखाका वरिष्ठ सामाजिक विकास अधिकृत दिपक कुमार केसीले बालबालिकाहरुको अधिकारका लागि काम गर्ने सँघ संस्थाले दाताको भर मात्र नपरी नेपाल सरकारसँग सहकार्य तथा समन्वय गरी अगाडी बढ्न सक्नु पर्ने कुरा बताउनु भएको थियो । कार्यक्रममा नगरपालिका महासँगका प्रतिनिधि, बालअधिकार कर्मी चन्द्रीका खतिवडा, संस्थाका उपमहासचिव उद्धवराज पौडेल, महिला तथा बालबालिका कार्यालयका प्रतिनिधिहरुले मन्तव्य राखेका थिए । यसरी चलेको अन्तरक्रिया कार्यक्रमको अन्त्यमा बालबालिकाहरुको विभिन्न क्षेत्रमा काम गर्ने संघ संस्थाहरुका प्रतिनिधि रहने गरी बाल विकास समाजको संयोजकत्वमा Urban Forum निर्माण गरिएको थियो ।

**क्षमता अभिवृद्धि तालिमको समापन तथा प्रमाण पत्र वितरण**

बाल विकास समाजको आयोजनामा अरुणोदय माविका बालबालिकाहरुका लागि सञ्चालन भएको ११ हप्ते क्षमता अभिवृद्धि तालिमको समापन भएको छ । संस्थाका वरिष्ठ प्रशासन तथा वित्तीय प्रबन्धक रामशरण रिमाल तथा कार्यक्रम व्यवस्थापक सोनीया रिजालको सहभागितामा सो तालिम समापन गरिएको हो । साथै तालिममा ११ हप्तासम्म नियमित सहभागी हुने बालबालिकाहरुलाई प्रमाण पत्र समेत वितरण गरिएको थियो । कार्यक्रममा रामशरण रिमालको हातबाट सहभागीहरुलाई प्रमाण पत्र वितरण गरिएको हो । सोही क्रममा प्रबन्धक रिमालले तालिममा सिकेका कुरालाई व्यवहारमा उतारी जोखिमपूर्ण व्यवहारबाट जोगिनु जोगाउनु मुख्य दायित्व भएको हुँदा सोही अनुसार आफूलाई परिवर्तन गर्नका लागि अनुरोध गर्नु भएको थियो । यस संस्थाले हामीलाई यस किसिमको तालिम दिएर जोखिमपूर्ण व्यवहारबाट बच्नका लागि थप ऊर्जा प्राप्त भएको हुँदा सोही अनुसार काम गर्ने प्रतिवद्धता सहभागीहरुले व्यक्त गरेका थिए । आफूले सिकेका कुरा अरुलाई पनि सिकाउने कुरा समेत सहभागीहरुले व्यक्त गरेका थिए ।

**बालविकास समाजका सल्लाहकारद्वारा बालबालिकालाई खाजा**

बालविकास समाजले आफ्नो स्थापनाकाल देखिनै श्रमिक, सुविधाविहीनतथाजोखिममा रहेका नेपालीबालबालिकाहरूको क्षेत्रमाकामगर्दै आइरहेको छ ।न्यूनआर्थिक स्थिती भएका, पिछडिएका समुदाय, दैनिकज्यालादारीमाकामगर्ने, विपन्नवर्गका, श्रमक्षेत्रमा कामगर्ने अभिभावकका बालबालिकाकोबालअधिकार र बालविकासको प्रत्याभूतिदिलाउने, बालश्रम न्युनिकरण गर्ने, उचित लालन–पालन तथा स्याहार सुसार बारे बाबुआमालाई व्यवहारिक ज्ञान दिनुका साथै श्रमिक आमा बाबुहरूलाई बच्चा बोकेर काम गर्नु पर्ने बाध्यता तथा दाइ दिदीले भाइ बहिनी हेरेर बस्दा विद्यालय जान नपाउने अवस्था हटाउन सहयोग पुऱ्याउने अवधारणा अनुसार यस समाजलेदिवाशिशु स्याहार कार्यक्रम गर्दै आइरहेको छ । बालबालिकाहरूको शिक्षा, स्वास्थ्य र जनचेतनामूलक क्षेत्रमा संस्थाले प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने उद्देश्यले संचालन गर्दै आइरहेको यस कार्यक्रम हाल धादिङ र काठमाण्डौमा गरी २ वटा जिल्लामा संचालित छन् । साथै उक्त केन्द्रमा आउने बालबालिकाको लागि संस्थाले खाजाको पनि व्यबस्था गरिएको छ । बालबालिकालाई खाजा तालिका अनुसार दैनिक फरक फरक खाजा खुवाउने गरिन्छ । बालबालिकालाई खाजा खुवाउन दातृ संस्था वा अरु कसैको पनि भर पर्न नपरोस् वा दातृ संस्थाले सहयोग नगरेको अवस्थामा पनि केन्द्रमा आउने बालबालिकाले खाजा खानबाट बञ्चित हुन नपरोस् भन्ने उदेश्यले यस खाजा कार्यक्रमलाई"बालबालिकासंग खाजा खाऔ कम्तिमा एक दिन सामाजिक उत्तरदायित्व वहन गरौ" भन्ने नाराका साथ अभियानको रुपमा संचालन गरिएको छ । हाल यस अभियानमा बाल विकास समाजका कार्य समितीका सदस्यहरु, बाल विकास समाजका कर्मचारीहरु, अन्य संघ संस्था तथा समाज सेवीहरु गरी जम्मा ५५ जनाको सहभागीता रहेको छ ।

विषेशगरी आफना आफन्त, आमा, वुवाहरुको तिथी श्राद, कुनै अवसर खुसियाली, जन्मदिनको अवसर पारेर केन्द्रमा रहेका बालबालिकालाइ खाजा खुवाउने चलन रहेको छ । यसै क्रममाबालविकास समाजका सल्लाहकार इन्जीनियर किशोर थापाजयूले आफ्नो जन्मदिनको अवसर पारेर मिति २०७४ साउन ९ गते सोमबारकादिन बाल विकास समाजको भवनमा संचालन भईरहेको दिवा शिशु स्याहार केन्द्रका बालबालिकाहरुलाई खाजा खुवाउनु भएको थियो । उक्त दिन केन्द्रका ३६ जना बालबालिकाले खिर तथा आलुको तरकारी खाएका थिए । बालबालिकालाइ खाजा खुवाउँन लाग्ने खर्च स्वरुप रु५००० (पाँच हजार) पनि उहाँले बाल विकास समाजलाई हस्तान्तरण गर्नु भएको थियो । यस अघि पनि वहाँले बालबालिकालाई खाजा खुवाउने कार्य निरन्तर रुपमा गर्दै आउनुभएको थियो ।

**समाजसेवी सुजनराज अधिकारीद्वारा बालबालिकालाई खाजा**

बालविकास समाजले आफ्नो स्थापनाकाल देखिनै श्रमिक, सुविधाविहीनतथाजोखिममा रहेका नेपालीबालबालिकाहरूको क्षेत्रमाकामगर्दै आइरहेको छ ।न्यूनआर्थिक स्थिती भएका, पिछडिएका समुदाय, दैनिकज्यालादारीमाकामगर्ने, विपन्नवर्गका, श्रमक्षेत्रमा कामगर्ने अभिभावकका बालबालिकाकोबालअधिकार र बालविकासको प्रत्याभूतिदिलाउने, बालश्रम न्युनिकरण गर्ने, उचित लालन–पालन तथा स्याहार सुसार बारे बाबुआमालाई व्यवहारिक ज्ञान दिनुका साथै श्रमिक आमा बाबुहरूलाई बच्चा बोकेर काम गर्नु पर्ने बाध्यता तथा दाइ दिदीले भाइ बहिनी हेरेर बस्दा विद्यालय जान नपाउने अवस्था हटाउन सहयोग पुऱ्याउने अवधारणा अनुसार यस समाजलेदिवाशिशु स्याहार कार्यक्रम गर्दै आइरहेको छ । बालबालिकाहरूको शिक्षा, स्वास्थ्य र जनचेतनामूलक क्षेत्रमा संस्थाले प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने उद्देश्यले संचालन गर्दै आइरहेको यस कार्यक्रम हाल धादिङ र काठमाण्डौमा गरी २ वटा जिल्लामा संचालित छन् । साथै उक्त केन्द्रमा आउने बालबालिकाको लागि संस्थाले खाजाको पनि व्यबस्था गरिएको छ । बालबालिकालाई खाजा तालिका अनुसार दैनिक फरक फरक खाजा खुवाउने गरिन्छ । बालबालिकालाई खाजा खुवाउन दातृ संस्था वा अरु कसैको पनि भर पर्न नपरोस् वा दातृ संस्थाले सहयोग नगरेको अवस्थामा पनि केन्द्रमा आउने बालबालिकाले खाजा खानबाट बञ्चित हुन नपरोस् भन्ने उदेश्यले यस खाजा कार्यक्रमलाई"बालबालिकासंग खाजा खाऔ कम्तिमा एक दिन सामाजिक उत्तरदायित्व वहन गरौ" भन्ने नाराका साथ अभियानको रुपमा संचालन गरिएको छ । हाल यस अभियानमा बाल विकास समाजका कार्य समितीका सदस्यहरु, बाल विकास समाजका कर्मचारीहरु, अन्य संघ संस्था तथा समाज सेवीहरु गरी जम्मा ५५ जनाको सहभागीता रहेको छ ।

विषेशगरी आफना आफन्त, आमा, वुवाहरुको तिथी श्राद, कुनै अवसर खुसियाली, जन्मदिनको अवसर पारेर केन्द्रमा रहेका बालबालिकालाई खाजा खुवाउने चलन रहेको छ । यसै क्रमलाई निरन्तरतादिदै समाजसेवीश्री सुजनराज अधिकारीले आफ्नी आमा उमा अधिकारीको निधन भएको एक बर्ष पुगेको दिनमा बालविकास समाजमा संचालन भइरहेको दिवा शिशु स्याहार केन्द्रका ३७ जना बालबालिकालाइ खिर र आलुको तरकारी खुवाउनु भएको थियो ।

**प्रस्तुति : गोविन्द वि क**

## भारतले...

त्यहाँ चीनले सडक बनाउँदा भुटानले आफ्नो भूभाग भनेर विरोध गऱ्यो । यता भारतले भुटानको अभिभावक भएर अवैध रुपले आफ्ना सेना चीन र भुटानको सीमामा लगेर लड्न धम्की दिन थाल्यो । वार्ताले समाधान हुने चीन र भुटानको समस्यामा एक्कासी भारतले नेपालको लिम्पियाधुरा, लिपुलेक, कालापानी, सुस्ता, तिलाठी इत्यादिमा जस्तै लड्न प्रस्तुत भयो ।

यस समस्यामा संयमका साथ चीन र भारत दुवै देशले अतितका दुई विश्वयुद्ध, भियतनाम, कम्बोडिया, इराक, मात्र नभई सनु १९६२ को युद्धलाई पनि बिर्सनु हुँदैन । भारतले आफ्ना सेना फिर्ता गरेर भुटान र चीनको सीमा विवाद अन्त्य गर्ने वातावरणको सिर्जना गरिदिनुपर्छ र चीनले पनि आफ्ना सेना फिर्ता गरी भुटानसँग खुला दिमागले निर्णायक वार्ताबाट सीमा विवाद टुंग्याउनुपर्छ । भुटानले राम्रोसँग चिन्तन मनन गर्नुपर्छ कि भारत जस्तै चीन पनि अभिन्न मित्र देश हो । भारतको उक्साहटमा चीनको भूमिलाई मेरो भन्ने दुस्साहस गर्नु हुँदैन र चीनले पनि हेपेर मकाओ, हङकङ, तिब्बत, ताइवानलाई जस्तो सम्झिनु हुँदैन । वार्ता र मेलमिलापको विकल्प हुँदैन ।

भूटानले राम्रोसँग बुझ्नुपर्छ ऊजस्तै र ४ सय वर्षे राजतन्त्र भएको सिक्किमे चोग्यालको कस्तो हालत भयो ? यदि आफ्नो भूभाग होइन भने चीनसँग सम्झौता गरी सडक निर्माणमा अवरोध गर्नु हुँदैन । र यदि भुटानकै भूमि हो भने ९५,९६,९६१ व.कि.मि.क्षेत्र भएको विशालपूर्ण विकसित चीनले भारतको रिसले १२६ सौ नं.को ४६६०० व.कि.मि.क्षेत्र भएको देश जो नेपाल जस्तै बफर स्टेटको अवस्थामा छ, १ लाखभन्दा बढी सय वर्षभन्दा बढी समयदेखि भुटानमा बस्दै आएका निर्दोष नागरिकलाई त्यही भारतको उक्साहटमा देश निकाला गरी नेपालमा शरणार्थीको ओहोदामा पुऱ्याइदियो । भुटानले सिक्किमलाई जबर्जस्ती खाएको रुसले क्रिमियालाई कब्जा गरेझैं, आफ्नो देशको परराष्ट्र, रक्षा आदि लगाम भारतले लिएको नबुझ्ने राम्रो दाना घाँस खुवाएर दशैंलाई पालेको खसी बोका, राँगा भैंसीझैं एक दिन हैदरावादका निजामलाई झैं भुटानको हालत हुनेछ भनी भविष्य नसोच्ने भुटानलाई द्विपक्षीय वार्तामा पूर्ण भुत भविष्य र वर्तमान बताउन चीनले कन्जुस्याइँ गर्न हुँदैन मिल्दैन । गोर्खाल्यान्डको मागमा दार्जिलिङमा निर्दोष जनतालाई भुटेको स्वाद मानेर भारत सरकारले हेरेको एक महिना नाघिसक्यो । आफ्नो देशका नागरिकले प्रदेश गोर्खाल्यान्ड मागेका हुन् त्यो पूरा नगरेर चीन र भुटान दुई देशको आन्तरिक विषयमा सेना लिएर चीनसँग लड्न आउने भारतको रिसले चीनले भुटानमा बल प्रयोग गर्नु हुँदैन, दुवै देशले सेना फिर्ता गरेर वार्ताबाटै सीमा समाधान गर्नुपर्छ ।

भुटानले सवा लाखभन्दा बढी आफ्ना निर्दोष नागरिकहरुलाई त्यही भारतको उक्साहटमा देश निकाला जस्तो जुन भयंकर अपराध गऱ्यो यसलाई चिन्तन मनन गरी यस्तो कुकर्म भविष्यमा नगर्ने संकल्प गर्दै भारतीय खोरबाट मुक्त हुने मैत्रीपूर्ण उपाय गर्नुपर्छ । भुटान ४६६०० व.कि.मि. क्षेत्रभन्दा साना ८० भन्दा बढी देश छन् । भुटानभन्दा साना परन्तु भारतभन्दा (पारमाणविक शस्त्रास्त्रबाहेक) पूर्ण विकसित देशहरु धेरै छन् जस्तै डेनमार्क, स्वीटजरल्यान्ड, ताइवान, नेदरल्यान्ड, बेल्जियम, इजरायल, फिजी, कुवेत, कतार, ब्रुनाई, लक्जेम्वर्ग, बहराइन (६८८ व.कि.मि.क्षेत्र) सिंगापुर (६२५ व.कि.मि.क्षेत्र) हङकङ (७८ व.कि.मि.क्षे.) मकाओ (१७ व.कि.मि.क्षे.) आदि भारतभन्दा धेरै सुखी सम्पन्न यी देशहरु हुन् । यिनीहरुमा भोका, नांगा, दरिद्र, भीखमंगा छैनन् परन्तु भारतमा यति छन् कि ती भोका, नांगा, अपांग, सुस्त मनस्थितिका, वृद्धवृद्धा आदि बेसहारा दुःखीलाई संरक्षण गृह स्थापना पूर्ण रुपले गरी लाउन खान औषधि उपचार गरेर पूर्ण सुविधा दिएर राख्नुपर्नेमा अवैध खुला सीमा भएको गरिब नेपालको मेचीदेखि महाकालीसम्म मात्र होइन अपितु राजधानी काठमाडौंमा समेत रातारात सर्वत्र यस्तै असहाय दुःखीहरुलाई सायद रिसर्च एनेलिसिस विङद्वारा सहरका कुना कुना चोक चोकमा पुऱ्याइएका छन् ।

नेपाल प्राकृतिक अथवा भौगर्भिक सम्पूर्ण सम्पदाले सम्पन्न भए पनि ०१७ ।९ ।१ गतेदेखिका अवाञ्छनीय सरकारी नेतृत्वका कारण अभावगस्त छ, यसमा थप कृत्रिम समस्या भारतले थप्नु हुँदैन । भूटानको दोक्लाम चीनले मिच्यो भन्ने भारतले ताप्लेजुङ, इलामको मानेभन्ज्याङ, पशुपतिनगर, झापा, तिलाठी, मलेठ, सुस्ता, कालापानी, लिम्पियाधुरालाई पचाइ त्योभन्दा धेरै पूर्वको नेपालको लिपुलेकसम्म पनि कब्जा गरी दुई विस्तारवादी देश मिलेर थाहै नदिई खाने ? हजारौं ठाउँमा भारतले मिचेको छ । सिक्किमलाई खाएझैं भुटानलाई खाने दाउमा रहेको भारत चीनले पो उछिट्टयाउने हो कि भन्ने डरले तिल्मिलाएको छ । नेपाल पूरै देशलाई अण्डमननिकोबारद्विप लक्ष्यद्विपका ५७० वटै द्विपहरुलाई खाएझैं खाने सपना सपनामै सीमित हुने हो कि भन्ने गस्त दुर्भावना सदाका लागि त्याग्नुपर्छ ।

भिलुपिल्लइ प्रभाकरणलाई उठाएर श्रीलंका खाने प्रयास असफल भयो बरु तामिलबाटै राजीवको हत्या भयो । साधारण पंजाबी जनरल सिंह भिण्ड्रानवालेलाई हाइलाइट गरियो, तीनै शिखहरुद्वारा इन्दिरा खाल्टोमा परिन् । त्यस्तै प्रभाव पनि रत्तिभर नभएका नेपालको नागरिकता भिरेका काजी लेण्डुप दोर्जे चरित्रका कथित मधिशे मोर्चा नामक एजेन्टहरुद्वारा नेपाललाई क्षतविक्षत गरी भारतमा विलय गराउने सपना नदेखे हुन्छ । बरु तिलाठी, मलेठ, रसियन खुर्दवाल, लक्ष्मणपुर, मोहलीसागर, महेशपुर, डण्डबाँध, कलकलवा, टनकपुर, शारदाबाँध आदि इत्यादि दर्जनौं दर्जन बाँध सदाका लागि भत्काई सीमामा बसेका निर्दोष नेपाली मधिसे नागरिकहरुलाई आनन्दसँग बस्न देउ ।

भारतले डा.भीमराव अम्बेडकरद्वारा संविधान बनाउँदा नेपालले कुनै बिघ्नबाधा पारेको थिएन तर नेपालले संविधान बनाउँदा किन आफ्ना दलालरुपी मधिसेको चित्त बुझाउ भन्छ ? यिनीहरुलाई त पूरै नेपाल देश भारतमा विलय गराए मात्र चित्त बुझ्छ, यो हामी नेपालीले कदापि पनि गर्दैनौं । भारतले युरोपियन देश यथा जर्मनी, इटाली, फ्रान्स र अमेरिकी देशहरुसँग छिमेकीसँग के गरी मिलेर बस्न सक्नुपर्छ । फ्रान्ससँग जोडिएर दक्षिणपूर्वमा बसेको १.८ व.कि.मि.क्षे. र ३२३०० करिब जनसंख्या भएको प्रिन्स अल्वर्ट द्वितीय नामक राजा भएको सानो देश मोनाको पनि आनन्दसँग बसेको छ । फ्रान्स, जर्मनी, अष्ट्रिया र इटलीले ४ तिरबाट भूपरिवेस्टन गरेको भए पनि ४१,२८८ व.कि.मि.क्षे. भएको स्वीटजरल्यान्ड आनन्दसँग बसेको छ । कसैले अतिक्रमण गरेको छैन । अफ्रिकी देश नाइजेरिया, नाइजर, चाद आदि देश ७ ।८ वटा देशहरुबाट भूपरिवेष्टित छन् तर भारत र चीनका छिमेकी देशहरुले चाहिँ आतंकित हुनु परेको छ ।

युरोपमा अपवादमा रुस त्यस्तो देखियो, जसमा स्टालिन, एल्तसिन र वर्तमान भ्यादिमिर पुटिन । छिमेकी विरोधी तर दुइटा मरे पुटिन छन् यी अस्थायी भए पनि एल्तसिन समेत भएर (१७०७५००० व.कि.मि.क्षे. भएको रुसले ६९७०० व.कि.मि.क्षेत्र. भएको सानो देश जर्जियालाई अफगाजिया र ओकेसिया भन्ने भूभाग कटाई दुई देश भनेर आफूले मानयता दियो र उसको पछुवा भारतले पनि तुरुन्तै मान्यता दिई जर्जियान राष्ट्राध्यक्ष सेभर्नान्दजेलाई बाँचुन्जेल दुःख दिएको थियो जसरी ६०३७०० व.कि.मि.क्षे. भएको युक्रेन देशको दक्षिणी २७००० व.कि.मि.क्षे. भएको क्रिमियालाई बल प्रयोग गरी आफ्नो देशमा विलय गराए पनि पचिसेकेको छैन । तर त्यही देशमा मिखाइल गुर्वाचोभले पेरेस्त्रोइका र ग्लास्नोस्त दुई सिद्धान्तलाई प्रतिपादन गरेर एक ढिक्का रहेको सोभियत संघ चेचेन्यासमेत १६ वटा देश भए ।

आक्रमणकारी निर्लज्ज भारतीयहरु हो राम्रोसँग चिन्तन मनन गर, सिसाको घरभित्र बसेर अर्कालाई गोली नहान । जम्मु कास्मिर, पूर्व ने.फा. (नोर्थ इस्ट फ्रान्टियर एजेन्सी) मात्र नभएर सिक्किम पनि पन्जाव, मद्रास आदि धेरै प्रान्तहरु तासको घर जस्तै भएर पूर्व सोभियत संघ जस्तै हुनेछ । यसर्थ छिमेकी विरोधी नहोऊ, प्रभाकरन, जर्नलसिं भिण्ड्रानवाले, एलडी काजीहरुलाई जस्तो तथाकथित मधिसे मोर्चालाई मधिसे जनताका नेता भन्दै हाइलाइट नगर, यी नेता वा जनप्रतिनिधि होइनन् । म पनि मधिसे जनता हुँ, म जस्ता पहाडे मूलका धेरै मधिसे जनता मधेस तराईमा बसेका छौं ।

बरु यथाशीघ्र रगतको खोलो बगाउन छोडी मानवीय व्यवहार गर्दै दार्जिलिङ क्षेत्रलाई ' गोर्खाल्यान्ड' प्रान्त, तीसौं प्रान्त भनेर नजिकै आएको १५ अगस्तको ऐतिहासिक दिवसको दिन घोषणा गर, सत्यमेव जयते, भारत समेत सबै छिमेकी देशहरुले शान्तसँग बस्न पाउन् । यता युएनओ सुरक्षा परिषद्को स्थायी सदस्य हुनका लागि यही अवस्थामा भारतको योग्यता पुगेको छैन, पाएमा अनर्थ हुन्छ । अमरवाणी यथा-

*'यौवनं धनसम्पत्ति प्रभुत्व भविवेकता ।*
*एकैक मप्यनर्थाय किमु यत्र चतुष्टयम् ।।'*

भारतले भिटो पावर पायो भने अनर्थ हुन्छ । यथर्स दिनु हुँदैन ।

## आश्रमलाई...

पूर्वअध्यक्ष सुरेन्द्र ढकालले आश्रमका संचालकलाई हस्तान्तरण गर्नुभएको थियो । खरिद मूल्य प्रति फिल्टर रु १ लाख ६० पर्नेमा नेपाल सरकारले आयात इजाजत छुट दिएको थियो ।

## एकीकृत...

भड्किएका छन् । हिन्दुवादी भनिने राष्ट्रिय प्रजातन्त्र पार्टीबाट डा. प्रकाशचन्द्र लोहनीले पहिल्यै बेडिङ विस्तारा कसिसकेका छन् । कमल थापाको स्वच्छचारितबाट अवाक भएर पशुपतिशमशेर छुट्टै चुलाचौका गर्नेतर्फ अघि बढ्दैछ । कांग्रेसमा शेरबहादुर, रामचन्द्र, कृष्ण सिटौला, खुमबहादुरको चार पार्टी कहिलेसम्म एक हुने हो भन्न सकिन्न ।

## बाई बाई...

द्वन्द्वले थला परेको रुवान्डाले ऊर्जाद्वारा नै प्रगतिको बाटो पहिल्याएको छ । धेरै टाढाको कुरा किन गर्ने चट्टानको देश भनेर चिनिने भुटानले ऊर्जामा फड्को मारेर विकासमा नेपाललाई पछि पारिसकेको छ । तर हाम्रो ध्यान आत्मनिर्भर बन्नेतर्फ होइन परनिर्भर बन्नेतर्फ नै केन्द्रित बन्दै आएको छ । यदि सडक विस्तार गर्दा सरकारले साइकल लेन बनाइदिएको भए निम्न र मध्यमवर्गीय जनताको सवारी साधनको रोजाइ साइकल अवश्य पर्थ्यो । जापान जस्तो समृद्ध देशका अधिकांश जनता साइकलमा कार्यालय जाने गर्छन् । मोटरगाडी उत्पादन गर्ने जापानले साइकल उत्पादनलाई पनि त्यत्तिकै महत्व दिएको छ । तर नेपालमा भने साइकल चढ्नुलाई गरिबीको पहिचानका रुपमा लिने गरिन्छ । साइकल लेन असुरक्षित समेत मानिन्छ । मोटर चढ्नललाई निरुत्साहित बनाउने र साइकल चढ्न प्रोत्साहन गर्ने नीति सरकारले बनाउन जरुरी छ ।

नेपालमा डिजेल र पेट्रोलले चल्ने मोटरगाडीहरुको आयातमा वृद्धि भइरहँदा युरोपेली देशहरुले भने यस्ता गाडीहरुलाई विस्थापन गराउने तयारी गरिरहेका छन् । विश्वका प्रमुख कार निर्माता कम्पनीहरुमध्येमा अग्रस्थानमा पर्ने फ्रान्सले सन् २०४० सम्ममा पेट्रोल र डिजेल कारको बिक्री बन्द गर्ने निर्णय गरेको छ । फ्रान्सले जलवायु परिवर्तन र सहरी क्षेत्रको व्यवस्थितिकरणसँग लड्नका लागि इलेक्ट्रिक कारको प्रयोग र प्रवर्द्धन गर्ने जनाएको छ । फ्रान्समा उत्पादन हुने ठूलो कार निर्माता कम्पनी भल्भोले चरणबद्ध रुपमा इन्धनयुक्त इन्जिनमा भएका कारको उत्पादन बन्द गर्दै लैजाने बताएको छ । भल्भोले सन् २०१९ देखि इलेक्ट्रिक र हाइब्रिड कार उत्पादन गर्ने घोषणा गरेको छ । फ्रान्सका पर्यावरणमन्त्री निकोलस उलोले प्रदूषण फैलाउने इन्धनयुक्त कारको प्रतिबन्ध घोषणा पेरिसमा भएको पर्यावरण सम्झौताका लागि प्रतिबद्ध भएको सन्देशस्वरुप बुझ्नुपर्ने बताएका छन् । उनले निकै मुस्किल कदम चाले पनि समाधान गर्ने अठोट व्यक्त गरेका छन् । सन् २०५० सम्म फ्रान्सले कार्बनलाई पूर्णरुपमा निस्तेज पार्ने योजना बनाएको बताएका छन् ।

जर्मन सरकारको संघीय संसद बुन्डेसरतले १६ वटै राज्यमा सन् २०३० भित्र पेट्रोल डिजेल कारको बिक्री बन्द गर्नका लागि भोट दिएको छ । त्यस्तै इन्धनयुक्त इन्जिन भएका सवारी साधनमा कर बढाउन पनि प्रस्ताव गरिएको छ । जसका कारण यस्ता कार बजारबाट आफैं हट्ने देखिन्छ । सन् २०३० भित्र समग्र युरोपमा डिजेल पेट्रोल इन्जिन कारमा प्रतिबन्ध लगाउन पत्राचार समेत भइसकेको छ ।

नेदरल्यान्डसको लेबरपार्टीले पेट्रोल र डिजेल इन्जिनयुक्त कारको बिक्री बन्द गर्ने निर्णय गरेको छ । सरकार सञ्चालन गरिरहेको लेबर पार्टीले गरेको निर्णय लागू भए सन् २०२५ पछि नेदरल्यान्डमा पेट्रोल डिजेल इन्जिन भएको कार बिक्री हुने छैन । अहिले प्रस्ताव मात्रै गरिएको छ, पारित हुने कुरामा पार्टी विश्वस्त रहेको छ । प्रस्तावमा उल्लेख भएअनुसार पेट्रोल डिजेल इन्जिन भएको कारलाई सडकबाट हटाउन निश्चित समय दिइनेछ ।

नर्वेको सरकारले नेसनल ट्रान्सपोर्ट प्लान तयार गरेको छ । जसमा सन् २०२५ पछि शून्य एमिसन भेहिकल बिक्री गर्ने लक्ष्य राखिएको छ । नर्वेको इलेक्ट्रिक भेहिकल एसोसिएसनका महासचिव क्रिस्टिनाबुले सन् २०१७ को स्पिङ सिजनमा हुने संसदले यस विषयमा निर्णय लिने बताएका छन् । संसदमा प्रतिनिधित्व गर्ने अधिकांश नेताहरुले यो निर्णयको पक्षमा बोल्ने र इलेक्ट्रिक सवारीको प्रोत्साहन रकम बढाउने नीति लिएर शत प्रतिशत इलेक्ट्रिक गाडी प्रयोग गर्ने लक्ष्य भेट्टाउने जनाएको छ ।

छिमेकी मुलुक भारत जो पेट्रोल डिजेल इन्जिनयुक्त सवारी साधन बनाएर नेपाललगायत थुप्रै देशबाट बिक्री गरिरहेको छ उसले समेत इलेक्ट्रिक कार बनाउने योजना अघि बढाएको छ ।

## २ हजारको...

अभाव देखिन थालेको छ । कालोधन लुकाउनुपर्ने भए ठूलै दरका नोट लुकाउनुपर्ने हुन्छ । रिजर्व बैंक अफ इन्डियाले बजारमा २ हजार दरका नोटको आपूर्ति घटाएको छ । बजारमा धेरै संख्यामा २ हजार दरका नोट प्रवाहित भएको भन्दै केन्द्रीय बैंकले चिन्ता प्रकट गर्दै आएको छ ।

## नेगासको...

बनाइ कार्यान्वयन गर्नुपर्ने र त्यसका लागि यस कार्यशालाले दिने सिफारिसहरु महत्वपूर्ण हुने बताउनुभयो ।

नेगासका कार्यसमिति सदस्य इ. सन्ध्या रेग्मीले संचालन गरेको उदघाटन समारोहमा अध्यक्षको आशनबाट आफ्नो धन्यवाद मन्तब्य राख्दै अध्यक्ष सुरेन्द्र ढकालले यस पृथ्वीलाई आगामी पुस्ताको लागि पनि सुरक्षित राख्ने हाम्रै दायित्व हो भन्दै कार्यशालामा सहभागी हुन आउनुभएका सबैलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो । तीन दिनसम्म चलेको कार्यशाला साउन आठ गते सम्पन्न भएको थियो । कार्यशालाको अन्तिम सत्रमा नेगासका पूर्व अध्यक्ष डा. रोशाना श्रेष्ठले मुख्य श्रोत ब्यक्ति प्राध्यापक डा. क्नेरलाई उपहार, पूर्वउपाध्यक्ष सन्तोषविक्रम शाहले सहभागीहरुलाई प्रमाण पत्र तथा कार्यसमिति सदस्य प्रा. डा नोवेलकिशोर राईले नेगासका नवआगन्तुक ११ जना सदस्यहरुलाई नेगासको सदस्यतास्वरुप पीन वितरण गर्नु भएको थियो ।




## पर्यटन...

पर्यटकले लिएका छन् । गत वर्ष भारतबाट १ लाख ४६ हजार ४ सय ५६ पर्यटक नेपाल भित्रिए भने चीनबाट १ लाख ७ हजार ३५९ पर्यटकले नेपाल भ्रमण गरेका छन् । यसैगरी तेस्रो स्थान बेलायती पर्यटकको रहेको छ । बेलायतबाट ५१ हजार ३४२ पर्यटकले नेपाल भ्रमण गरेका छन् । बेलायतपछि थाइल्यान्डबाट ३१ हजार १७८ पर्यटकले नेपाल भ्रमण गरेका थिए ।

सरकारले सन् २०२० सम्ममा २० लाख पर्यटक नेपाल भित्र्याउने योजना बनाएको छ । त्यसको लागि पर्यटन स्तरका होटल निर्माण भइरहेका छन् । काठमाडौं, पोखरालगायत प्रमुख पर्यटकीय गन्तव्यहरुमा पाँचतारे होटल र रिसोर्ट बनिने क्रममा रहेका छन् । पर्यटन उद्योगमा लक्ष्यबमोजिम प्रगति हासिल गर्न नेपालका पर्यटन गन्तव्यबारे विश्वस्तरीय प्रचारप्रसारको खाँचो रहेको छ । त्यसैगरी अतिथि देवो भवको नेपाली संस्कार बमोजिमको सेवा सुविधा र वातावरणीय सरसफाइ, ट्राफिक जाममा सुधार जस्ता कुरालाई पनि ध्यान दिनुपर्ने हुन्छ । पर्यटकको बसाइ लम्ब्याउन र गुणस्तरीय पर्यटक भित्र्याउन सम्पूर्ण आवश्यक तयारी गर्न पर्यटन बोर्ड, व्यवसायीलगायत सरोकारवालाहरु सबैले विशेष भूमिका निभाउन आवश्यक छ ।


## गोर्खाल्यान्ड...

झन्डा फहरायो । तर तत्कालै नेहरुले दार्जिलिङ नियन्त्रणमा लिए । सन् १९५० को नेपाल भारतबीचको शान्ति तथा मैत्री सन्धिको धारा ८ ले सुगौली सन्धि रद्द गरेकाले दार्जिलिङमाथि नेपालको हक लागे पनि भारतपरस्त नेपाली शासकहरुले दार्जिलिङमाथि दाबी गर्न सकेका छैनन् । यदि सुगौली सन्धि नभएको भए दार्जिलिङ मात्र होइन नैनीताल मन्सुरी लगायत आधा विहार नेपालकै भूभाग हुन्थ्यो ।

नेपालबाट चोइटिएको दार्जिलिङका बासिन्दाले सन् १९००७ मै आफ्नो भाषा, संस्कृति र पहिचानको माग ब्रिटिस शासकसँग गरेका थिए । नब्बेको दशकमा गोर्खाल्यान्डको माग गर्दै सुवास घिसिङले भिषण आन्दोलन सुरु गरे । यस आन्दोलनमा १२ सय नेपाली भाषीहरुले सहादत प्राप्त गरे । पछि घिसिङले गोर्खा पार्वत्य परिषद्मा आन्दोलनलाई सम्झौतामा लगेर टुंग्याइदिए । घिसिङकै विश्वासमात्र मानिने विमल गुरुङले घिसिङसँग विद्रोह गर्दै सन् २००७ मा गोर्खाल्यान्ड आन्दोलन नयाँ चरणबाट उठाए । यो आन्दोलन पनि गोर्खा टेरेटोरियल एडमिनिस्ट्रसनमा पुगेर विसर्जन भयो । तर पश्चिम बंगाल सरकारले जेटिएलाई दिइएको अधिकारमाथि हस्तक्षेप गऱ्यो । यतिसम्म कि दार्जिलिङबाट नेपाली भाषालाई नै विस्थापन गर्ने कुटिल उद्देश्यले दार्जिलिङको पाठ्यक्रममा (१ कक्षादेखि १० सम्म) बंगाली भाषालाई आगामी शैक्षिक सत्रदेखि अनिवार्य गरेपछि दार्जिलिङबासी झस्किए । नेपाली भाषामाथि हमला भएपछि गोजमोले गोर्खाल्यान्ड राज्यको माग गर्दै पुनः आन्दोलन उठान गऱ्यो । जेटिएका सबै पदाधिकारीहरु राजीनामा दिएर सडक संघर्ष गरिरहेका छन् अहिले ।

दार्जिलिङका एकदर्जन दलहरु संयुक्त रुपमा आन्दोलित छन् । जनस्तरबाट आन्दोलन उठेसँगै पश्चिम बंगाल सरकार आत्तियो र दमनमा उत्रिएको छ । दार्जिलिङबासीको गोर्खाल्यान्डको मागलाई केन्द्र सरकारले ग्रेटर नेपालसँग जोडेर हेरिरहेको छ । उत्तरप्रदेश अन्तर्गत रहेका नेपाली भाषीहरुले आन्दोलन चर्काएपछि भारत सरकारले उत्तराखण्ड अलग राज्य दियो । तर उही प्रकृतिको दार्जिलिङको मागप्रति भने केन्द्र सरकार अनुत्तरदायी देखिएको छ । दार्जिलिङबासीको माग कुनै पृथकतावादी माग होइन, भारतभित्रै नेपाली भाषीहरुको अलग पहिचानको माग मात्र हो । भारतीय स्वतन्त्रता संग्राममा नेपाली भाषी दुर्गा मल्ल फाँसीमा झुण्ड्याइएका थिए तर तिनै नेपाली भाषीहरुमाथि पश्चिम बंगाल सरकारले नृशंस दमन गर्दा मोदी सरकार रमिते बनिरहेको छ । दार्जिलिङ क्षेत्रका सांसद एसएस आडवालियाले समेत संसदमा कडा रुपमा गोर्खाल्यान्डबारे आवाज उठाए पनि केन्द्र सरकारले सुनेको छैन ।

For Quality, Comfort and Economy at the Heart of Kathmandu remember us.



*Yellow Pagoda Hotel*
Kanti Path, Kathmandu
Phone: 4227345
*Email : info@yellowpagoda.com*